# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ०७ | काठमाडौं | सोमबार, १७ वैशाख २०८१ | Prabhab National Daily | Monday, April 29, 2024 | www.prabhaonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


मतगणना जारी

## इलाम र बझाङ दुवैमा एमालेको अग्रता



आइतबार राति १२ बजेसम्मको इलाम २ को मतपरिणाम

| | |
|---|---|
| सुहाङ नेम्बाङ (सूर्य) | ५०२५ |
| डम्बर खड्का (रूख) | ३७५९ |
| डकेन्द्र थेगिम (मुढा) | १९९६ |
| मिलन लिम्बू (घन्टी) | ७६० |

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपनिर्वाचन भएको इलाम प्रतिनिधिसभा क्षेत्र नं. २ र बझाङ प्रदेशसभा (१) मा मतगणना जारी छ । शनिबार मतदान सम्पन्न भएका ती दुवै स्थानमा आइतबार दिउँसोदेखि मतगणना सुरु भएको हो । आइतबार राति १२ बजेसम्मको नतिजाअनुसार नेकपा एमालेले दुवै स्थानमा अग्रता लिएको छ ।

इलाममा फाकफोकथुम गाउँपालिका र चुलाचुली गाउँपालिकाको एक नम्बर वडाको मतगणना सकिँदा एमालेका उम्मेदवार सुहाङ नेम्बाङले एक हजार २६६ मतले अग्रता बनाएका छन् । यो समाचार दयार पार्दासम्म सुहाङले पाँच हजार २५ मत पाएका छन् । उनलाई नेपाली कांग्रेसका डम्बरबहादुर खड्काले तीन हजार ७५९ मतका साथ पछ्याइरहेका छन् । पहिचानवादीहरूको समर्थनमा स्वतन्त्र उम्मेदवारी दिएर चुनाव लडेका डकेन्द्रसिंह थेगिम एक हजार ९६६ मतका साथ तेस्रो स्थानमा छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार मिलन लिम्बूले ७६० मत प्राप्त गरेका छन् ।

मुख्य निर्वाचन अधिकृत केशवप्रसाद घिमिरेका अनुसार शनिबार भएको उपनिर्वाचनमा ६९ हजार दुई सय ८७ अर्थात् ५९.७९ प्रतिशत मत खसेको थियो । सो क्षेत्रमा एक लाख १५ हजार ८८९ मतदाता थिए । यो उपनिर्वाचनमा १२ राजनीतिक दलका र सात स्वतन्त्रसहित १९ जना चुनावी प्रतिस्पर्धामा छन् । यस क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको निधनपछि रिक्त पद पूर्तिका लागि उपनिर्वाचन गरिएको हो । एमालेले उनै सुवासको पुत्र सुहाङलाई उम्मेदवार बनाएको छ ।

### बझाङमा एमालेको अग्रता कायमै

बझाङ प्रदेशसभा (१) मा भएको प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत जारी मतगणनामा पनि नेकपा एमालेले अग्रता कायम राखेको छ । यो समाचार तयार पार्दासम्म एमालेका उम्मेदवार दमनबहादुर भण्डारी तीन हजार ७४८ मतका साथ अग्रस्थानमा छन् । उनलाई नेपाली कांग्रेसका अभिषेकबहादुर सिंहले तीन हजार १८२ मतका साथ पछ्याइरहेका छन् ।

माओवादी केन्द्रका जनक बुढाले दुई हजार छ, एकीकृत समाजवादीका दिलबहादुर सिंहले एक हजार १४०, राप्रपाका किशोर खड्काले ८५ मत पाएका छन् । यहाँ मुख्य प्रतिस्पर्धी एमाले र कांग्रेस नै देखिएको छ । यी दुईबीचको मतान्तार ५६६ रहेको छ । तत्कालीन प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा निधन भएपछि रिक्त प्रदेशसभा सदस्य पदपूर्तिका लागि उपनिर्वाचन गरिएको हो । कांग्रेसले सिंहका छोरा अभिषेकलाई उम्मेदवार बनाउँदा एमालेले जिल्ला अध्यक्ष भण्डारीलाई नयाँ उम्मेदवारको रूपमा अघि सारेको छ ।

(क्रमशः पृष्ठ २ मा)

तेस्रो लगानी सम्मेलन

# विदेशी लगानीकर्ताले खोजे स्थिरताको ग्यारेन्टी

## अध्यादेशमार्फत कानुन संशोधनप्रति स्वदेशी लगानीकर्ता नै असन्तुष्ट



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** तेस्रो लगानी सम्मेलनमा सहभागी विदेशी लगानीकर्ताहरूले नेपालमा नीतिगत स्थिरताको आवश्यकता औंल्याएका छन् । आइतबारदेखि संघीय राजधानीमा सुरु भएको सम्मेलनमा उनीहरूले अस्थिर नीतिका कारण लगानीका लागि विश्वस्त हुन नसकेको बताएका हुन् । राजनीतिक स्थिरताविना नीतिगत स्थिरता हुन नसक्ने उनीहरूको भनाइ छ ।

भारतीय चेम्बर अफ कमर्सका महानिर्देशक राजीव सिंहले नीतिगत सुधारमा नेपाल प्रतिबद्ध हुनुपर्ने बताए । 'नीतिगत सुधारको प्रयासले हामीलाई उत्साहित बनाएको छ । सरकारले त्यसलाई लागू गर्न कमिटमेन्ट गर्छ भन्नेमा हामी आशावादी छौं,' सिंहले भने । पछिल्लो एक वर्षमा ऊर्जा, खाद्यान्न, आयुर्वेदलगायत करिब १४० वटा कम्पनीसँग नेपालमा साझेदारी गरिसकेको उनले बताए ।

बेलायतको एसिया–प्रशान्त मामिला राज्यमन्त्री आन्मुरी ट्रभेलियनले पनि नेपालले स्थिरताको प्रत्याभूति दिनुपर्ने बताए । नेपालमा विदेशी लगानीको थुप्रै अवसर रहेको भन्दै उनले भने, 'दिगो स्थिरता, पारदर्शी कर प्रणाली चाहिन्छ ।' नेपालमा धेरै बेलायती कम्पनी स्थापित भइसकेको उल्लेख गर्दै उनले बेलायतीको घुम्ने 'विसलिस्ट'मा नेपाल रहेको बताए ।

सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले यो सम्मेलनले नेपालमा लगानी गर्ने लगानीकर्ताको आत्मविश्वास बढाउने विश्वास व्यक्त गरे । नेपालले विदेशी लगानीकर्तालाई सबल नियामक ढाँचा, दोहोरो करमुक्ति, बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रतिस्पर्धात्मक कर्पोरेट करलगायत धेरै प्रोत्साहन प्रदान गर्ने उनको भनाइ थियो ।

'नेपाल सरकारले हालै द्विपक्षीय लगानी सम्झौताको ढाँचालाई स्वीकृत गरेको छ, यसले द्विपक्षीय लगानीको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ,' प्रधानमन्त्री दाहालले भने,

(क्रमशः पृष्ठ २ मा)

### दुई सम्झौतामा हस्ताक्षर

तेस्रो लगानी सम्मेलनको पहिलो दिन आइतबार दुईवटा सम्झौता भएका छन् । सम्मेलनको उद्घाटनसत्रपछि स्वदेशी तथा विदेशी निजी क्षेत्रका संस्थाबीच व्यावसायिक सहकार्यका लागि सम्झौता भएको हो ।

सम्मेलनका क्रममा नेपाल उद्योग वाणिज्य महासंघ र नेसनल चेम्बर अफ कमर्स, मलेसियाबीच द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धन गर्ने विषयमा सम्झौता भएको छ । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र मलेसियन चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीका अध्यक्ष टान सी डाटो थायन लाईले हस्ताक्षर गरेका हुन् । त्यसैगरी डेटा सेन्टर निर्माण तथा सञ्चालनमा सहकार्यका लागि नेपाल र भारतका दुई व्यावसायिक समूहबीच सम्झौता भएको छ । डेटा सेन्टर स्थापनाका लागि बिएलसी ग्रुप नेपाल र योट्टा डाटा सर्भिसेस् भारतबीच सम्झौता भएको हो । बिएलसी ग्रुपका प्रबन्ध निर्देशक मेघा चौधरी र योट्टाका प्रमुख कार्यकारी अधिकृत सुनिल गुप्ताले हस्ताक्षर गरे ।

### यस्ता छन् लगानी सहजीकरणसम्बन्धी अध्यादेशमा सुविधा

■ **कालिका खड्का**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन अध्यादेश, २०८१ जारी गरेका छन् । तेस्रो लगानी सम्मेलन सुरु भएकै दिन आइतबार जारी उक्त अध्यादेशमार्फत लगानीकर्तालाई लगानी प्रवर्द्धनका लागि थप सुविधा होस् भन्ने उद्देश्यले लिइएको छ ।

अध्यादेशले लगानीकर्ताबाट सञ्चालन हुने आयोजनामा जग्गाको मुआब्जा निर्धारण गर्दा रजिस्ट्रेसन प्रयोजनका लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको तीन गुणाभन्दा बढी मुआब्जा रकम निर्धारण नगरिने व्यवस्था गरेको छ ।

अध्यादेशमा जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधन गरी दफा १६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ । उक्त दफामा भनिएको छ, 'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस दफाबमोजिम मुआब्जा निर्धारण गर्दा रजिस्ट्रेसन प्रयोजनका लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको तीन गुणाभन्दा बढी मुआब्जा रकम निर्धारण गरिने छैन ।'

(क्रमशः पृष्ठ २ मा)

### कसले के भने ?

मलाई विश्वास छ, यो लगानी सम्मेलनले नेपालमा लगानी गर्ने लगानीकर्ताको आत्मविश्वास बढाउँछ । प्रत्यक्ष वैदेशिक लगानीकर्ता र राष्ट्रिय लगानीकर्तालाई कुनै पनि भेदभावपूर्ण व्यवहार नगरिने प्रावधान र विदेशी मुद्रामा नाफा फिर्ता लैजान पाउने सुनिश्चितताले नेपालमा लगानीको आकर्षण अझ बढाउँछ ।

■ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री

नेपाल अन्तर्राष्ट्रिय लगानीको आकर्षक गन्तव्य बन्दै आएको छ । व्यावसायिक वातावरण सुधार गर्ने र लगानीकर्ताको विश्वास बढाउने उद्देश्यले हामीले विभिन्न नीतिगत सुधार गरेका छौं । नीतिगत र व्यवसाय सुरू गर्दा लाग्ने प्रक्रियागत झण्झटमा सुधार, सार्वजनिक शासनमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिएको छ ।

■ **वर्षमान पुन**
अर्थमन्त्री

विदेशी लगानीका लागि नेपालका प्रायः सबै क्षेत्र खुला छ । कृषि, पर्यटन, पूर्वाधार विकास, खानी तथा खनिज, उत्पादन, जलविद्युत् र सूचना प्रविधिजस्ता क्षेत्र लगानीका लागि खुला छन् । कृपया नेपाल आउनुहोस् र हाम्रो अर्थतन्त्रमा लगानी गर्नुहोस् जुन तपाईं र हाम्रा जनताका लागि फाइदाजनक हुने छ । हामी तपाईंलाई पूर्ण सुरक्षा प्रदान गर्नेछौं ।

■ **शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस

नेपालमा लगानीका अपार सम्भावना छ । अधिकांश क्षेत्रहरूमा लगानीका सम्भावना रहेको र नेपाल नयाँ लगानीको गन्तव्य बन्न सक्ने छ । विश्वका उदाउँदा ठूला अर्थतन्त्र चीन र भारतकाबीचमा रहेको नेपालको रणनीतिक अवस्थितिले गर्दा यी दुई देशको बजार, पर्यटन र विकासको फाइदा नेपालले लिन सक्ने देखिन्छ ।

■ **चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

**सन्दर्भः वैदेशिक रोजगार**

श्रमाधान कल सेन्टर कार्यविधि जारी

# श्रमिकको समस्या एकद्वार प्रणालीबाट सम्बोधन हुने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको एकद्वार प्रणालीबाट समस्या समाधान गर्ने भन्दै 'श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१' जारी गरेको छ । वैदेशिक रोजगारसँग सम्बन्धित सम्पूर्ण जिज्ञासा, गुनासा र समस्यालाई तत्काल सम्बोधन गर्नेगरी सञ्चालनमा ल्याउन लागेको श्रमाधान कल सेन्टरको कामलाई प्रभावकारी बनाउने उद्देश्यले मन्त्रालयले कार्यविधि जारी हो ।

यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएर जारी भएकै मितिबाट लागू हुने जनाइएको छ । कार्यविधि यही वैशाख १२ गते स्वीकृत गरेको मन्त्रालयले जनाएको छ । कार्यविधिअनुसार श्रमाधान कल सेन्टरले नेपालमा वा विदेशमा रहेका नेपाली श्रमिकहरूको समस्या, जिज्ञासा र सुझावलाई विभिन्न माध्यमबाट संकलन गरी सम्बन्धित निकायसम्म पुऱ्याएर समाधान गर्ने छ । त्यस्तै, श्रमाधान सुविधाले मन्त्रालय र मातहतका निकायहसँग सम्बन्धित सम्पूर्ण सूचना र आउने गुनासो, जिज्ञासा र समस्याहरू एकद्वार प्रणालीबाट सम्बोधन गरी समाधान गर्ने मन्त्रालयले जनाएको छ ।




श्रमिकहरूले विद्युतीय माध्यम (टयाब्लोइट, टेलिफोन, मोबाइल, स्मार्ट टिभी, स्मार्ट वाच)बाट लिखित, मौखिक, ध्वनि, श्रव्य, श्रव्यदृश्य आदि माध्यमको प्रयोग गरेर प्रत्यक्ष वा अप्रत्यक्ष र अन्य विद्युतीय माध्यमबाट श्रमाधान कल सेन्टरमा गुनासो, जिज्ञासा, समस्या र सुझाव राख्न सक्ने छन् । सामाजिक सञ्जाल (फेसबुक, ह्वाट्सएप, भाइबर, इमो, इन्स्टाग्राम, इमेल, एक्स, सिग्नल) बाट पनि गुनासो दर्ता गर्न तथा समस्या राख्न सक्ने छन् । श्रमाधानमा प्राप्त भएका गुनासोलाई श्रम मन्त्रालय र अन्तर्गतका निकायहरूमा समाधानका लागि सिफारिस गर्ने व्यवस्था गरिएको छ ।

गुनासोको तत्काल सम्बोधन गर्नका लागि सम्बन्धित सबै निकायमा फोकल पर्सन पनि तोक्नुपर्ने कार्यविधिमा उल्लेख छ । दर्ता गराएको गुनासो वा समस्या समाधान नभएसम्म सम्बन्धित श्रमिकलाई कल सेन्टरका कर्मचारीले सबै जानकारी दिने र निरन्तर फलोअप गर्नुपर्ने बताइएको छ । गुनासोको संवेदनशीलताको आधारमा वर्गीकरण गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

अति जरुरी, जरुरी, मध्यम, सामान्य, तामेली गरी गुनासोको वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । यसका साथै गुनासोको क्षेत्रका आधारमा पनि गुनासो वर्गीकरण गर्नुपर्ने बताइएको छ । कार्यविधिअनुसार श्रम मन्त्रालय र यसअन्तर्गतका माहाशाखाहरू, वैदेशिक रोजगार विभाग र मातहतका कार्यालयहरू, वैदेशिक रोजगार बोर्डको सचिवालय, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मातहतका कार्यालयहरू, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र सामाजिक सुरक्षा कोषसँग सम्बन्धित गुनासोलाई वर्गीकरण गर्नुपर्ने छ ।

श्रमाधान कल सेन्टरको एकीकृत अभिलेखलाई विद्युतीय र दस्तावेज अभिलेख गरी दुई किसिमबाट व्यवस्थित गर्नुपर्ने छ । विद्युतीय अभिलेख श्रमाधान कल सेन्टरका अभिलेखको विद्युतीय रूप तयार गरी गुनासाहरू अभिलेखीकरण गरिने छ ।

(क्रमशः पृष्ठ २ मा)


१७ औं नेपाल - चीन (तिब्बत) आर्थिक तथा व्यापार मेला

मितिः २०८१ बैशाख १७ देखी २१ गते सम्म
समयः बिहान १० बजे देखी साँझ ६ बजे सम्म
स्थानः भृकुटिमण्डप, काठमाण्डौं

प्रवेश निःशुल्क

नेपाल सरकार
उद्योग, वाणिज्य तथा अपुर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर

## पृष्ठ १ बाट क्रमशः

### विदेशी लगानीर्ताले...

'प्रत्यक्ष वैदेशिक लगानीकर्ता र राष्ट्रिय लगानीकर्तालाई कुनै पनि भेदभावपूर्ण व्यवहार नगरिने प्रावधान र विदेशी मुद्रामा नाफा फिर्ता लैजान पाउने सुनिश्चितताले नेपालमा लगानीको आकर्षण अझ बढाउँछ ।'

नेपालले पर्यटन, कृषि, उत्पादन, सूचना प्रविधि, गार्मेन्ट, कृषि प्रशोधन र पूर्वाधारलगायत उच्च मूल्यका बाली उत्पादन जस्ता क्षेत्रमा लगानीका अवसरहरू उपलब्ध गराएको उनले बताए । जलविद्युत् उत्पादनको प्रचुर सम्भावनाले नवीकरणीय र स्वच्छ ऊर्जा आपूर्तिको प्रतिबद्धता व्यक्त गरेको भन्दै उनले समृद्ध सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यले पर्यटन क्षेत्रको बलियो सम्भावनालाई संकेत गर्ने उल्लेख गरे । 'अन्तर्राष्ट्रिय निजी लगानी प्रवाहलाई सहज तुल्याउन उद्योग विभागले छ अर्बभन्दा कमको लगानी अनुमोदन गर्दछ र लगानी बोर्ड नेपालले छ अर्बभन्दा बढीको लगानी वा २०० मेगावाटभन्दा बढी ऊर्जा आयोजनाहरू व्यवस्थापन गर्छ । यी दुवै सरकारी एजेन्सीहरू स्वदेशी र अन्तरर्राष्ट्रिय लगानीकर्तालाई तोकिएको समयमा सहज सेवा प्रदान गर्न प्रतिबद्ध छन्,' उनले भने ।

अर्थमन्त्री वर्षमान पुनले नेपाल अन्तर्राष्ट्रिय लगानीको आकर्षक गन्तव्य बन्दै आएको भन्दै लगानीका लागि विदेशी लगानीकर्ताहरूसमक्ष आग्रह गरे । 'व्यावसायिक वातावरण सुधार गर्ने र लगानीकर्ताको विश्वास बढाउने उद्देश्यले हामीले विभिन्न नीतिगत सुधार गरेका छौं,' उनले भने, 'नीतिगत र व्यवसाय सुरु गर्दा लाग्ने प्रक्रियागत झण्झटमा सुधार, सार्वजनिक शासनमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिएको छ । आगामी दिनमा पनि यस प्रक्रियालाई निरन्तरता दिइने छ ।'

पूवप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विदेशी लगानीका लागि नेपालका प्रायः सबै क्षेत्र खुला रहेको बताए । उनले लगानीकर्ताहरूलाई ढुक्क भएर लगानी गर्न आह्वान गरे । 'कृपया नेपाल आउनुहोस् र हाम्रो अर्थतन्त्रमा लगानी गर्नुहोस् जुन तपाईं र हाम्रा जनताका लागि फाइदाजनक हुने छ । हामी तपाईंलाई पूर्ण सुरक्षा प्रदान गर्नेछौं र सुरुदेखि अन्त्यसम्म हाम्रो निरन्तर सहयोगको आश्वासन दिन्छौं,' सभापति देउवाले भने, 'विकास र समृद्धिका लागि हाम्रो साझेदारीको कदर गर्ने छौं । नेपालको आर्थिक परिदृश्यलाई रूपान्तरण गर्ने प्रयासमा सहयोग गर्न तपाईंको योगदान उच्च मूल्यवान हुने छ ।'

सम्मेलनमा लगानीका निम्ति १५३ परियोजना सोकेसमा रहेको नेपाल लगानी बोर्डको भनाइ छ । बोर्डका अनुसार आइतबार ५५ भन्दा बढी देशका करिब एक हजार ४०० लगानीकर्ताले भाग लिएका छन् । लगानीका निम्ति सोकेसमा राखिएको परियोजनासम्बन्धी विस्तृत विवरणसहितका २३ वटा प्रदर्शनीकक्ष सम्मेलनस्थलमा राखिएको छ भने १९ वटा परियोजनाका लागि आशयपत्र आह्वान गरिएको बोर्डले जानकारी दिएको छ ।

### नेपालमा लगानीमैत्री वातावरण छ : लगानीकर्ता

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायीले नेपालमा लगानीमैत्री वातावरण भएको र लगानीको प्रचुर सम्भावना रहेकामा जोड दिएका छन् । दोस्रो मुख्य सत्रमा लगानी बोर्डका सदस्य तथा नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणाले नेपालको लगानीमैत्री वातावरणबारे जानकारी गराउँदै उपलब्ध श्रमिकको अवस्थाबारे प्रस्तुति दिएकी थिइन् । राणाले नेपाल विश्वकै लागि पर्यटकको उत्कृष्ट गन्तव्य र नेपालको उदाउँदो डिजिटल अर्थतन्त्रमा लगानीका सम्भावनाबारे आफ्नो अनुभव सुनाइन् ।

कोकाकोलाको भारत तथा दक्षिण पश्चिम एसियाको सार्वजनिक मामिला तथा सञ्चार क्षेत्र हेर्ने उपाध्यक्ष देवयानी राज्यलक्ष्मी राणाले नेपालमा आफूहरूले गर्दै आएको व्यवसाय र सफलताका बारेमा अवगत गराइन् । एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत अरुण धिमानले आफूहरूले नेपालको जलविद्युत्को क्षेत्रमा ठूला-ठूला लगानी गरेको बताउँदै अगामी दिनमा थप लगानी ल्याउनका लागि तयार रहेको प्रतिबद्धता जनाए ।

यसैगरी, सिनोहाइड्रो सगरमाथा पावर कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक होउ जोङले आफूहरूले नेपालका जलविद्युत्लगायत ठूला पूर्वाधारमा काम गरेर चिनियाँ लगानी र प्रविधि तथा सीप नेपालमा भित्र्याएको उल्लेख गरे । युनिलिभर नेपालका प्रबन्ध निर्देशक अम्लन मुखर्जीले आफ्नो कम्पनीले नेपालमा उत्पादनहरू बढाउँदै गरेको बताउँदै थप लगानीमैत्री वातावरण तयका लागि आग्रह पनि गरे ।

मोघा इनर्जी इन्ड सब्सिडरिज, युएसएका उपाध्यक्ष सम्राट मोघाले लगानीका लागि नेपालले सहज वातावरण तय गरेको सकारात्मक अनुभव सुनाए । साथै उनले नेपाल सरकारले १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यातको लक्ष्य राखेको सन्दर्भमा जलविद्युत् क्षेत्रमा थप पूर्वाधार लगानी गर्नुपर्ने चुनौती रहेको उल्लेख गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्णराज अवस्थीले नेपालको दुई ठूला छिमेकी मुलुक भारत र चीनमा अपार बजारको सम्भावना रहेको उल्लेख गर्दै स्वदेशी वस्तु उत्पादनमा लगानीको सम्भावना रहेको उल्लेख गरे ।

### अध्यादेशमार्फत कानुन संशोधनप्रति आशंका

लगानी सम्मेलनकै लागि सरकारले अन्तिम समयमा अध्यादेश जारी गरेर भए पनि औपचारिकता निभाएको छ । वैशाख १० गते मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पठाउने निर्णय हुँदा पनि सत्तारुढ दलभित्रै विवाद हुँदा सिफारिस पुग्न झन्डै हप्ता दिन लागेको थियो ।उद्योगीलाई सहज नीति बनाउने नाममा हदबन्दीभन्दा बढी जग्गा पनि किनबेच गर्न पाइने संशोधन जग्गा प्राप्ति ऐनमा आएपछि सत्तारुढ दलमै लफडा हुँदा सिफारिस शुक्रबार अबेरमात्र शितलनिवास पुग्यो । उक्त अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले आइतबारमात्र जारी गरेका हुन् ।

अध्यादेश जारी भएकोमा व्यवसायी नै सन्तुष्ट देखिएका छैनन् । नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारी सदस्य डा. रामशरण थपलियाले लगानीका क्षेत्र (दायरा) बढाउन र लगानीकर्ताको लगानीलाई शान्ति सुरक्षा दिन सबल कानुनको आवश्यकता औंल्याउँदै अध्यादेश पर्याप्त नभएको बताए । 'यो अध्यादेश मात्रै पर्याप्त छैन । सरकारले लगानीकर्ताप्रति फराकिलो छखाती बनाएर व्यवहार गर्नुपर्छ । विगतका लगानी सम्मेलनका प्रतिबद्धता र कार्यान्वयनका पक्षमा पनि समीक्षा हुनुपर्छ,' पर्यटन व्यवसायी डा. थपलियाले भने ।

नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष शिवप्रसाद घिमिरेले लगानी सम्मेलन हुनु राम्रो अभ्यास भए पनि यसको तयारी पर्याप्त नभएको जनाउँदै लगानीमैत्री कानुनमा सरकारले ध्यान नदिएको बताए । आइतबार जारी भएको अध्यादेशमा पनि कतिपय सहजीकरणका विषय नआएको टिप्पणी गर्दै यस्ता कानुन संसद्बाटै आउनुपर्ने उनको धारणा छ ।

नेपाल घरेलु तथा साना उद्योग महासंघका वरिष्ठ उपाध्यक्ष सूर्यबहादुर कँडेलले पनि लगानी सहजीकरण सम्बन्धी अध्यादेशलाई आपसी छलफल र गृहकार्य गरे अलि अगाडि ल्याउन नसकिएको बताए । 'लगानी र पर्यटनका लागि नेपाल उपयुक्त छ। यहाँ धेरै उद्योग, धन्दा र कलकारखानाको विकास आवश्यक छ । विदेशीले पनि यस्तै अवसर हेरिरहेका छन्,' कँडेलले भने, 'तर राजनीतिक स्थितिमा हुने परिवर्तनले लगानीमा सुनिश्चितता देखिएको छैन । लगानीकर्ताले राज्यबाट लगानीको सुरक्षा र लाभ चाहेका छन् । त्यसको सुनिश्चितता सरकारबाट गरिनुपर्छ ।'

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले जलविद्युत् आयोजनाहरूमा लगानीको वातावरण तय गर्न सरकारले वातावरण बनाउनुपर्ने बताए । 'जलविद्युत् आयोजनाहरूलाई आवश्यक लगानी जुटाउन सम्मेलनले सहयोग पुग्ने छ तर सरकारले लगानीमैत्री वातावरणको विश्वास दिलाउन सक्नुपर्छ,' अध्यक्ष कार्कीले भने ।

सरकारले जारी गरेको अध्यादेश ६० दिनभित्र संसद्को दुवै सदनबाट पारित गर्नुपर्ने हुन्छ । संविधानको धारा ११४ को २ को (क) मा भनिएको छ, 'जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिने छ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निस्क्रिय हुने छ ।'

■■■

### यस्ता छन् लगानी ...

नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा जारी अध्यादेशमा लगानी प्रवर्द्धन गर्ने कार्यलाई सहजीकरण गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकाले संघीय संसद्ले यो ऐन बनाएको छ । राष्ट्रपतिले आइतबार प्रमाणीकरण गरेसँगै यो कार्यान्वयनमा आएको छ ।

भूमिसम्बन्धी ऐन, २०२१ मा संशोधन गरी उक्त ऐनको उपदफा (१) पछि देहायको उपदफा (१) थप गरी भनिएको छ, 'निवेदन दिन नसकेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिका लागि मन्त्रालयमार्फत नेपाल सरकारसमक्ष निवेदन दिन सक्ने छ ।'

कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभन्दा बढी जग्गा रहेकामा विभाग तथा कार्यालयले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख बनाई राख्नुपर्ने अध्यादेशमा उल्लेख छ ।

अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्ने सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुनसक्ने भएमा ऋण फरफारक र दायित्व भुक्तानी गर्न दफा ७ बमोजिमको हदभित्रको जग्गा मन्त्रालयले तोकेको सर्तको अधीनमा रही मन्त्रालयको स्वीकृतिमा एकपटकका लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन भनिएको छ तर त्यसरी हदभित्रको जग्गा बिक्रीवितरण गरिएको कारणले जग्गा बिक्री गर्नुभन्दा अघि हदबन्दीभन्दा बढी रहेको जग्गा दफा ७ बमोजिमको हदभित्र कायम भएको मानिने छैन ।

'सकार' गरेको जग्गा बेचबिखन गर्नुपर्ने व्यवस्थामा बैंक वा वित्तीय संस्था वा सहकारी संघसंस्थाले कर्जा सुरक्षणबापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बन्धित बैंक वा वित्तीय संस्था वा सहकारी संघसंस्था आफैंले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले तीन वर्षभित्र बेचबिखन गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्न सरकारको स्वीकृति लिनुपर्ने छ ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधन गरी विदेशी विनिमय भुक्तानीको सिफारिस गर्नसक्ने व्यवस्था गरेको छ । उक्त व्वस्थामा कम्प्युटर नेटवर्क वा कम्प्युटर प्रणालीमा प्रयोग हुने व्यवस्था छ । कुनै सफ्टवेयर, हार्डवेयर वा कम्प्युटर वा सूचना प्रविधिसँग सम्बन्धित सामग्री वा सेवा विदेशबाट आयात गर्दा विदेशी मुद्रामा रकम भुक्तानी गर्नुपर्ने भई सम्बन्धित लगानीकर्ताले त्यस्तो सामग्री वा सेवा नेपालमा भित्र्याउन विदेशी मुद्रा सटही सुविधा माग गरेमा सूचना प्रविधि विभागले प्रचलित कानुनबमोजिम विदेशी मुद्रा सटहीका लागि नेपाल राष्ट्र बैंकमा सिफारिस गर्नुपर्ने छ ।

साथै, अब लगानीकर्ताले विदेशमा शाखा कार्यालय वा एकाइ खोल्नसक्ने व्यवस्था भएको छ । नेपालमा स्थापित भएको सूचना प्रविधिमा आधारित व्यक्ति, फर्म, उद्योग वा कम्पनीले निर्माण गरेको सफ्टवेयर वा सूचना प्रविधि विषयसँग सम्बन्धित सेवा निर्यात गरी आर्जित रकम स्वदेशमा भित्र्याउने प्रयोजनका लागि विदेशमा शाखा कार्यालय खोल्न सकिने छ । यस्तै, एकाइ खोली व्यापारिक कारोबार गर्न आवश्यक भई सम्बन्धित व्यक्ति, फार्म, उद्योग वा कम्पनीले सो कुराको पुष्टयाइँ गर्ने कागजातसहित निवेदन दिएमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले त्यस्तो शाखा कार्यालय वा एकाइ खोल्नका लागि अनुमति दिने छ ।

सम्बन्धित व्यक्ति, फार्म, उद्योग वा कम्पनीलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा नेपाल राष्ट्र बैंकले एक पटकका लागि उपदफा (ज्ञ) बमोजिम विदेशमा शाखा कार्यालय वा एकाइ स्थापना र सञ्चालन गर्न आवश्यक विदेशी मुद्रा सटही गर्न सुविधा प्रदान गर्न सक्ने छ भनी व्यवस्था गरेको छ ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधन गरी विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्नसक्ने व्यवस्था छ । यो दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानुनबमोजिम दर्ता भई वा अनुमतिपत्र लिई सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले प्रयोगमा ल्याइसकेको मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्नसक्ने व्यवस्था छ । संशोधित ऐनमा भनिएको छ, 'अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगले उत्पादन सुरु गरेको मितिले चार वर्षसम्म कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा कम्तीमा ३० प्रतिशत उत्पादित वस्तु वा सेवा वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबीच सम्झौता गरिने प्रविधिको हस्तान्तरण प्रविधि हस्तान्तरणमा पनि समावेश गरिएका छन् । सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधन गरी राष्ट्रिय वनभित्र खनिज पदार्थ रहेको उत्खनन् गर्नुपर्ने भएमा प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा त्यस्तो खनिज पदार्थ उत्खनन् गर्न नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिनसक्ने रहेको छ । औद्योगिक व्यवसाय ऐन, २०७६ संशोधन गरी 'स्टार्टअप' उद्यम वा व्यवसायको दर्ता तथा सञ्चालन गर्नेलगायत रहेको छ । *रासस*

■■■

### इलाम र बझाङ...

४ मंसिर २०७९ मा भएको प्रदेशसभा निर्वाचनमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीले गठबन्धन गरेर चुनाव लडेका थिए । सोही कारण एमाले उम्मेदवार पराजित हुन पुगेको थियो । तर, यसपटक भने यहाँ गठबन्धन छैन । निर्वाचन आयोगले आज मंगलबारसम्म दुवै स्थानको मतपरिणाम सार्वजनिक गरिसक्ने जानकारी दिएको छ ।

■■■

### श्रमिकको समस्या...

दस्तावेज अभिलेख श्रमाधान कल सेन्टरमा प्राप्त गुनासाहरूको दस्तावेज आवश्यकताका आधारमा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक अर्धवार्षिक र वार्षिक रूपमा प्रिन्ट मन्त्रालय र मातहतका निकायसँग सम्बन्धित सुझावहरूलाई छुट्टै अभिलेखीकरण गरी मन्त्रालयमा पठाउनुपर्ने छ । मन्त्रालय र मातहतका निकायहरूले आफ्नो कार्यालयसँग सम्बन्धित गुनासाहरूको सुनुवाइ गर्न पूर्णकालीन फोकल फर्सन नियुक्त गर्नुपर्ने छ । आफ्नो निकायअन्तर्गतका कार्यालयहरूसँग सम्बन्धित साइट, लेटर प्याड एवं सरोकारवालासमक्ष पुग्ने सबै कागजागतमा श्रमाधान कल सेन्टरसँग सम्बन्धित जानकारी अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ। यसका साथै श्रमाधान कल सेन्टरमार्फत सम्बोधन भएका गुनासोहरूको पर्फमेन्स इन्डिकेटर बनाएर त्यसको आधारमा फोकल पर्सनहरूको कार्यसम्पादनको मूल्यांकन गर्न समन्वय गर्नुपर्नेसमेत कार्यविधिमा उल्लेख छ । हरेक महिना प्राप्त गुनासो, त्यसको समाधानको प्रगति विवरण मन्त्रालय मातहतको वेब पेजबाट सार्वजनिक गर्नुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ ।

नेपालमा वा विदेशमा रहेका श्रमिकले श्रम र रोजगारसँग सम्बन्धित समस्या, गुनासो, सुझाव र जिज्ञासा भएमा श्रमाधान कल सेन्टर कक्षमा आफैं उपस्थित भएर पनि दर्ता गराउन सक्ने छन् । यो कार्यविधि जारी भएपछि कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ खारेज भएको जनाउँदै कल सेन्टरसँग सम्बन्धित सम्पूर्ण कार्यहरू नयाँ कार्यविधिअन्तर्गत नै भए गरेको मानिने मन्त्रालयले जनाएको छ ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/१७ गते)

दल बहादुर पुनको नाती, रण बहादुर पुन/तारा देवी पुनको छोरा, पूर्ण माया मगरकी पती कास्की जिल्ला, दाङसीङ गा.प. वडा नं ०९ स्थायी ठेगाना भएको लाल बहादुर पुनको मिति २०८०/११/०५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चिप्लेढुङ्गा पोखरा शाखामा रहेको बचत खाता नं ००४०२७६५८२००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती पूर्ण माया मगरले यस बैंकको शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल कागज सहित यस बैंकको शाखा कार्यालय चिप्लेढुङ्गा पोखरामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय चिप्लेढुङ्गा पोखरा, कास्की फोन नं. ०६१-५४३२६६/५४३२६७



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALIK CONCRETE CARPENTER CONT.

पूर्व स्वीकृति मिति २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 298995 चलानी नं. ६०२१३९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 15 | 0 | 1100 | ३९,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Layer Assistant | 15 | 0 | 800 | २९,०२० | | | | | | | |
| 3 | Carpenter | 20 | 0 | 1100 | ३९,९०५ | | | | | | | |
| 4 | Concrete Mason | 15 | 0 | 1100 | ३९,९०५ | | | | | | | |
| 5 | Construction Carpenter | 30 | 0 | 1100 | ३९,९०५ | | | | | | | |
| 6 | Messenger | 1 | 0 | 800 | ३९,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL GASES GROUP FZE JAFZA

पूर्व स्वीकृति मिति २०८१/०१/१४ LT. No. 303892 चलानी नं. ६०२१८७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labour | 2 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
श्रम ईजाजत नं. ७९४/०६५/०६६
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL GASES GROUP FZE JAFZA

पूर्व स्वीकृति मिति २०८१/०१/१४ LT. No. 303892 चलानी नं. ६०२१८७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labour | 2 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले सेवा शुल्कः निःशुल्क

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951



## मण्डनदेउपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे
फोन नं. ०११४१२११३

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१।०१।१७)

यस नगरपालिकाको मिति २०८०।१२।०८ को सूचना बमोजिम मण्डनदेउपुर नगरपालिकाको तपसिल बमोजिमको कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्रस्ताव मिति २०८१।०१।०९ गते खोलिएकोमा उक्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकन गरि मूल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभूतरुपमा प्रभावग्राही रहेको र न्यूनतम् रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिम बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | प्रस्तावको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| (30/WORKS/NCB/MDM/080/81) | Kunta Nayagaun Sadak Marmat | Suvaramva Nepal construction pvt.ltd. Panchkhal-4, Kavre | रू ३८,२९,४२३.०८ (अड्तीस लाख उन्नान्तिस हजार चार सय तेइस रुपैयाँ आठ पैसा मात्र) |
| (31/WORKS/NCB/MDM/080/81) | Audhogikgram pauch marga Nirman | Shrestha Nirman Sewa | रू ८७,८२,४९२.६० (सतासी लाख ब्यासी हजार चार सय बयानब्बे रुपैयाँ साठी पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation - 2 (F)
- Should have Supervised Counseling Experience
2. Accountant-1 (F)
- Minimum 2 years of experience in related field
2. PRO-3 (M/F)
- Should have Europe Documentation Experience

तलबः आपसी समझदारीमा

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9817866499

# चीनले नेपालीलाई भिसा शुल्क नलिने



**काठमाडौं (प्रस)–** छिमेकी मुलुक चीनले नेपाली नागरिकलाई भिसा शुल्क नलिने भएको छ । आगामी वैशाख १९ (मे १ तारिख २०२४) देखि नेपालीलाई साधारणतर्फ भिसा शुल्क नलाग्ने चिनियाँ राजदूतावासले जनाएको छ । नेपालले सन् २०१६ देखि नै चिनियाँ नागरिकलाई निःशुल्क भिसा दिँदै आइरहेको छ ।

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले गत चैत महिनामा गरेको चीन भ्रमणका क्रममा नेपाली नागरिकलाई भिसा शुल्क नलिने विषयमा दुई देशबीच सहमति भएको थियो । काठमाडौंस्थित चिनियाँ दूतावासले एक सूचना जारी गरी नेपाली नागरिकबाट चिनियाँ भिसा शुल्क नलिने जनाएको छ । 'नेपाल र चीनबीचको मित्रता प्रवर्द्धन गर्न र कर्मचारी आदानप्रदानलाई थप सहज बनाउन दूतावासले भिसा शुल्क नलिने' विज्ञप्तिमा भनिएको छ ।

एक्सप्रेस शुल्क र सेवा भने साबिकबमोजिम नै कायम रहने विज्ञप्तिमा उल्लेख छ । नेपालमा पछिल्लो समय चिनियाँ पर्यटक बढिरहेका छन् । नेपाली नागरिक पनि उल्लेख्य संख्यामा चीन गइरहेका छन् । चीनसँगको प्रमुख सीमानाका खुलेको र नेपालमा चिनियाँ एअरलाइन्सले पूर्ण क्षमतामा उडान गरिरहेकाले पछिल्लो समय चिनियाँ पर्यटक बढेको छ ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले भने, 'चीनले गन्तव्यको रूपमा नेपाललाई सकारात्मक रूपमा हेरेको देखिन्छ, यसरी प्राथमिकता दिइनुले आगामी दिनमा चिनियाँ पर्यटक बढ्ने अनुमान गर्न सकिन्छ ।'

नेपाली पर्यटन व्यवसायीले लामो समयदेखि नेपालीलाई निःशुल्क भिसा पाउनुपर्ने माग गर्दै आएका थिए । यसबाट नेपाली पनि सजिलै चीन जान सक्ने भएकाले दुवैतर्फको आवतजावतले पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने निर्देशक लामिछानेले बताए । सन् २०२४ मा चिनियाँ पर्यटकको आगमन बढिरहेको छ । नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार अंग्रेजी वर्षको मार्च महिनामा १२ हजार ९३ चिनियाँ पर्यटक नेपाल आएका छन् । यस्तै, फेब्रुअरीमा नौ हजार १८० र जनवरीमा एक हजार ४३६ चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशन गरेको 'टुरिज्म स्टाटिक्स २०२३' अनुसार सन् २०२३ मा ६० हजार ८७८ चिनियाँ पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२२ मा नौ हजार ५९९ चिनियाँ नागरिक नेपाल आएका थिए । कोरोना महामारीपूर्व सन् २०१९ मा सर्वाधिक एक लाख ६९ हजार ५४३ चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

# अशक्त र गरिबलाई कामपाको निःशुल्क उपचार सेवा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका (कामपा)ले लक्षित वर्गका लागि निःशुल्क उपचारसम्बन्धी सूचना जारी गरेको छ । कामपाले जुनसुकै पालिकाको भए पनि अशक्त र गरिब नागरिकले सिफारिसका आधारमा निःशुल्क उपचार पाउने जनाएको हो । कामपाले आइतबार सूचना जारी गर्दै लक्षित वर्गका बिरामीले आफ्नो पालिकाबाट विपन्न, असहायको सिफारिस लिएर काठमाडौं महानगर आए बिरामीले निःशुल्क उपचार पाउने बताएको छ ।




महानगरपालिका क्षेत्रभित्रका सबै प्रकारका अस्पतालमा लक्षित वर्गले सिफारिसका आधारमा निःशुल्क उपचार सेवा पाउने छन् । उपचार उपलब्ध गराउन महानगरपालिकाभित्रका ५२ अस्पतालका ३७४ शयचा उपलब्ध छन् । सम्पर्कका लागि निःशुल्क टेलिफोन नं ११८० मा फोन गरेर जानकारी लिन कामपाले आग्रह गरेको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. २००९१६ को **रोसिका नेशनल सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०१/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेजी गरिएको सूचना

**यस कार्यालयमा २०७५/०२/२७ मा दर्ता भएको प्रा.लि.नं. १९१२९१ को सिटिजन वाचडग मिडिया प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/२३ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/१७ गते)

श्री दान रत्न ताम्राकारको नाति, श्री सानु कुमार ताम्राकारको छोरा काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३०, रातोपुल (साबिक का.म.न.पा. वडा नं. ३३) बस्ने सारुक ताम्राकारको मिति २०८०/०३/२१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको रातोपुल शाखामा रहेको खाता २४००२१०९९२८००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको आमा रुकमणी श्रेष्ठ ताम्राकारले यस बैंक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निजको आमा रुकमणी श्रेष्ठ ताम्राकार बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय रातोपुल, काठमाण्डौमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय रातोपुल, काठमाण्डौं फोन नं. ०१-४५१६४७४/७५

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८१/०१/१७

यस कम्पनीको मिति २०८१/०१/१२ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **समय इको ट्रेक प्रा.लि. (प्रा.लि. नं. ३३४७६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **समय ट्रेक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KOUT BEACH HOTEL KUWAIT

पूर्व स्वीकृति मितिः २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ | LT No. 292294 | चलानी नं. ६०२०७३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 2 | 0 | 120 | ५१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 1 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 3 | Room Attendant Cleaner | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 4 | Laundry Attendant | 2 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 5 | Kitchen Steward | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 130 | ५६,१४५ | | | | | | | |
| 7 | Salon Beautician | 0 | 8 | 200 | ८६,३८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALAM AL-KHAIR LADIES CLOTHES TAILORING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१४ | LT. No. 303901 | चलानी नं. ६०२१८७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailor | 0 | 1 | 150 | ६४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
**SPACE HR SOLUTIONS PVT.LTD**
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9841415166
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JELLY FISH FACTORY W.L.L

पूर्व स्वीकृति मिति २०८१/०१/१६ | LT. No. 303910 | चलानी नं. ६०२१८७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labor | 100 | 0 | 100 | ३५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६८४/०८०/८१
**PARADISE HUMAN RESORCE PVT. LTD**
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND VICTERY FURNITURE SB

पूर्व स्वीकृति मिति २०७९/०६/03 | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ | LT. No. 271330 | चलानी नं ६०१८७९९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९८१/०६७/०६८
**MAHAD MANPOWER PVT. LTD.**
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CREATIVE AUTHORITY FOUNDATION FOR SUBSISTENCE SERVICES

पूर्व स्वीकृति मिति २०८१/०१/१६ | LT. No. 303925 | चलानी नं. ६०२१८७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DRY SEMOLINA RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८१/०१/१६ | LT. No. 303926 | चलानी नं. ६०२१८७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vendor | 4 | 0 | 1500 | ५३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1638/080/81
**TESLA OVERSEAS PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेनी, म्याग्दीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०१/१७ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय बेनी, म्याग्दीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ वैशाख २४ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय अमरसिंह चोक, पोखरामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| ऋणीहरूको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| १. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग बिकास समिति २०७६/०५/२५ मा दर्ता नं. २१२६/०७६/०७७ दर्ता कायम भई म्याग्दी जिल्ला, बेनी नगरपालीका वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **पुर्खा कन्स्ट्रक्सन ।** **प्रोप्राईटर - धिरेन्द्र बहादुर भण्डारी**<br>२. **धिरेन्द्र बहादुर भण्डारी**<br>ना.प्र.नं.- ४९१००६/१०८३५<br>जारी मिति - २०६५/१०/२१, जि.प्र.का. म्याग्दी<br>बाबु - भेष बहादुर भण्डारी<br>बाजे - टेक बहादुर भण्डारी<br>स्थायी ठेगाना- म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक भगवती गा.वि.स वडा नं. ७) | १. **यु कुमारी भण्डारी**को नाममा मालपोत कार्यालय म्याग्दीमा दर्ता कायम भएको म्याग्दी जिल्ला अर्थुङ्गे गा.वि.स वडा नं. ०१/क स्थित कि.नं. ५५५ को क्षेत्रफल ०-२-३-१ (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । |

धनि कुमारी बैक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **पुर्खा कन्स्ट्रक्सन** कायम रहेको तपसिलको सवारी साधनः

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| बा ९ च ६४०५ | MROKR22GX00604730 | 2KD-5580050 | Toyota Hilux | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुर |
| लु १ क ४९३८ | MC2L4GRC0KL008584 | 91L84518226 | EICHER TERRA 25G BOGI 9S TIPPER 8226/8584 | लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, रुपन्देही |
| ग १ क ५३१३ | HAR3DXSUL02723300 | H00277695 | JCB 3 DX Super BHL | गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय, कास्की |
| ग १ क ५६२८ | PUNJD22AEL2900323 | 84923092 | JCB NXT 221 TRACKED EXCAVATOR | गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय, कास्की |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **धिरेन्द्र बहादुर भण्डारी**<br>ना.प्र.नं.- ४९१००६/१०८३५<br>जारी मिति - २०६५/१०/२१, जि.प्र.का. म्याग्दी<br>बाबु - भेष बहादुर भण्डारी<br>बाजे - टेक बहादुर भण्डारी<br>स्थायी ठेगाना- म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक भगवती गा.वि.स वडा नं. ७)<br>२. **रमेश बहादुर भण्डारी**<br>ना.प्र.नं.- ४९१००६/१४३४<br>जारी मिति - २०६४/०१/३०, जि.प्र.का. म्याग्दी<br>बाबु - भेष बहादुर भण्डारी<br>बाजे - टेक बहादुर भण्डारी<br>स्थायी ठेगाना- म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक भगवती गा.वि.स वडा नं ७) | ३. **यु कुमारी भण्डारी**<br>ना.प्र.नं.- ३०१८/७०७<br>जारी मिति - २०४४/१२/१४, जि.प्र.का. म्याग्दी<br>पति - भेष बहादुर भण्डारी<br>ससुरा - टेक बहादुर भण्डारी<br>स्थायी ठेगाना- म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ (साबिक राखु भगवती गा.वि.स वडा नं. ७)<br>४. **ज्वाला गिरी भण्डारी**<br>ना.प्र.नं.- ४६१०२२/९००<br>जारी मिति - २०६७/०७/०७, जि.प्र.का. म्याग्दी<br>पति - धिरेन्द्र बहादुर भण्डारी<br>ससुरा - भेष बहादुर भण्डारी<br>स्थायी ठेगाना- म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. २ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८१ वैशाख २३ गते** भित्र बैंकको शाखा कार्यालय अमरसिंह चोक, पोखरामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अमरसिंह चोक, पोखराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८१ वैशाख २४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय अमरसिंह चोक, पोखरामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बेनी, म्याग्दी/अमरसिंह चोक, पोखरामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ वैशाख २४ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय बेनी, म्याग्दी फोन नं. ०६९-५२०९६२/६३ र ५२१०२०**
**शाखा कार्यालय अमरसिंह चोक, पोखरा फोन नं. ०६१-४३३५२३**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# न्यून मतदानको सन्देश

यसपटक उपनिर्वाचनमा मतदाताको उल्लेख्य सहभागिता देखिएन । कति भने बझाङमा ५० प्रतिशतसमेत मतदान भएन । इलाम–२ मा पनि यसपटक गत निर्वाचनमा भन्दा करिब दुई प्रतिशत बिन्दुले मत कम खस्यो । दलहरूको उल्लेख्य सहभागिता र उम्मेदवार उल्लेख्य भए पनि किन मतदानमा मतदाता आइपुगेनन् ? दलहरूले यसबारे सोच्नुपर्ने बेला आएको छ । गत निर्वाचनभन्दा बझाङमा करिब चार प्रतिशत बिन्दू न्यून मत कम खस्यो । निर्वाचन आयोगले मतदाता नामावली आद्यवधिक नभएको र नाम भएकाहरू मतदानमा सहभागी नभएको हुनसक्ने अनुमान गरेको छ । गत निर्वाचनमा इलाम प्रतिनिधिसभा–२ मा ५९.७८ मतदान भएकोमा यसपटक ५७.४४ मात्र मतदान भयो । बझाङको प्रदेशसभा (१) मा ५२.९८ मतदान भएकोमा यसपटक ४९.१२ मा सीमित रह्यो ।

मिसन ८४ को सांकेतिक क्षेत्र मानिएको इलाममा पनि मतदाताको सहभागिता घट्नु दलहरूका लागि चुनौतीको विषय हो । पुराना दलबाट आजित भएको भनिए पनि जनताले नयाँ दललाई पनि नरुचाएको इलामको प्रारम्भिक रुझानबाट देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले नयाँ जोशका साथ आएको पार्टीका रूपमा हेरिएको थियो । तर नयाँ पार्टीको उद्देश्य पनि विकास र सुशासनभन्दा सत्ता नै देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निर्वाचन भएयता दुईपटक सरकारमा गइसकेको छ ।

पुराना दलको पुरानै रोग हो, सत्तामा जानु । सुशासनको गफ चुटेर जनतालाई दिउँसै अँध्यारो पार्ने काम पनि पुरानै रोग हो । यही रोग नयाँ पार्टीमा पनि सरेको छ । यही विषयप्रति जनमत रुष्ट छ । जनताले कानुन बनाउने पठाउने विधायकहरू भ्रष्टाचार र विभिन्न काण्डमा मुछिएका छन् । संसद्मा छेउ–कुनाका कुरा गर्छन् । जसका कारण उनीहरूको कुराको कुनै प्रभाव पनि परेको देखिन्न ।

उपनिर्वाचनअघि प्रतिनिधिसभाले तीनवटा महत्त्वपूर्ण अधिवेशन सकाइसकेको छ । तर संसद् अनिर्णयको बन्दी बन्दै गएको छ । नेपाली कांग्रेस र नेकपा एमालेजस्ता पार्टीले यसलाई शक्ति प्रदर्शनको थलो बनाएका छन् । एकपछि अर्को दल सत्ताबाट बाहिरिएलगत्तै संसद् अवरोधमा उत्रन थालेका छन् । पहिले सुनकाण्डमा उच्चस्तरीय समिति माग गर्दै एमालेले सदन अवरोध गरेको थियो । अहिले सहकारी ठगी प्रकरणमा नेपाली कांग्रेसले संसदीय छानबिन समितिको माग गर्दै सदन अवरुद्ध पार्‍यो । प्रधानमन्त्री पुष्पकमल दाहाल नयाँ दल रास्वपाका अध्यक्षसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई सत्ता जोगाउनैका लागि भए पनि रुष्ट बनाउन तयार छैनन् । जसका कारण संसद् अनिर्णयको बन्दी भएको छ । यसरी नयाँ दल पनि 'जुन जोगी आए पनि कानै चिरेका' देखेर मतदानमा सहभागी नभएको हुनसक्छ ।

## मननयोग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् । अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

# लाभदायक लगानीका लागि अवसर



**पुष्पकमल दाहाल**
प्रधानमन्त्री

> यस शिखर सम्मेलनमा प्रस्तुत गरिने परियोजनाहरूले हाम्रो देश र सम्भावित लगानीकर्ताहरू दुवैलाई फाइदा पुग्ने ठोस नतिजाहरूको प्रतिज्ञासहित नेपालमा लगानीका विशाल अवसरहरू सिर्जना हुने छ । आगामी दशकमा दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने नेपालको लक्ष्य स्वदेशी र विदेशी दुवै निजी क्षेत्रसँगको सामूहिक साझेदारीमा सम्पन्न हुने छ भन्नेमा म विश्वस्त छु ।

आजको दिन आर्थिक समृद्धि र दिगो विकासतर्फको हाम्रो यात्राको महत्त्वपूर्ण अवसर हो । यस 'तेस्रो नेपाल लगानी शिखर सम्मेलन, २०२४' हुँदै गर्दा म गहिरो आशा र विश्वासमा छु किनभने नेपाल एक प्रमुख लगानी गन्तव्यको रूपमा उदाइरहेको छ, यसले विश्वभरका लगानीकर्ताहरूका लागि महत्त्वपूर्ण अवसरहरू प्रदान गर्दै छन् ।

नेपाल गौतम बुद्ध, सगरमाथा र वीर मानिसहरूको भूमि हो । त्यसैगरी, यो विदेशी लगानीलाई हृदयदेखि स्वागत गर्ने देश हो । नेपाल प्रयोग नभएका अपार सम्भावना र अवसरका केन्द्रमा उभिएर लगानीकर्ताहरूलाई स्वागत गर्दै छ । हाम्रो उदार आर्थिक नीतिप्रतिको अटल प्रतिबद्धता जीवन्त र लगानीकर्तामैत्री व्यापार वातावरणको जग हो । लगानीकर्ता, उद्योगी, नवप्रवर्तक र व्यवसायीहरूलाई सहजता प्रदान गर्न हामी निरन्तर सुधार गर्न दृढ छौं । यस सन्दर्भमा नेपाल सरकारले हालै व्यवसाय र लगानीसम्बन्धी विभिन्न आठ कानुन परिमार्जन गरेको छ । मलाई विश्वास छ, यसले नेपालमा लगानी गर्ने लगानीकर्ताको आत्मविश्वास बढाउँछ ।

शान्ति र स्थायित्व भएको देशका रूपमा हामीले आर्थिक विकास र समृद्धिको लागि अनुकूल वातावरण सिर्जना गरेका छौं । संघीय शासन प्रणालीले देशभर सामाजिक र आर्थिक रूपान्तरणलाई बढावा दिने सन्तुलित विकास दृष्टिकोण सुनिश्चित गरेको छ । नेपालले विदेशी लगानीकर्ताहरूलाई सबल नियामक ढाँचा, दोहोरो करबाट मुक्त रहने व्यवस्था, बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रतिस्पर्धात्मक कर्पोरेट करलगायतका धेरै प्रोत्साहनहरू प्रदान गरेको छ । नेपाल सरकारले हालै द्विपक्षीय लगानी सम्झौता (बिआइए) को ढाँचालाई स्वीकृत गरेको छ, यसले द्विपक्षीय लगानीको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । म हाम्रा सबै मित्र राष्ट्रहरूलाई चाँडोभन्दा चाँडो 'बिआइए' मा हस्ताक्षर गर्न प्रोत्साहित गर्दछु ।

हाम्रा उदार नीतिहरूले प्राथमिकताका क्षेत्रमा विदेशी लगानीलाई प्रोत्साहन गर्छ । हाम्रो दक्ष जनशक्ति र कम श्रम लागतले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूका लागि आकर्षण गर्दछ । राष्ट्रिय एवं सबै 'एफडिआई' बीच हुने गैरभेदभावपूर्ण व्यवहारको प्रावधान र विदेशी मुद्रामा नाफा लैजाने सुनिश्चितताले नेपालमा लगानीको आकर्षणलाई अझ बढाउँछ ।

नेपालका ६० प्रतिशतभन्दा बढी जनसंख्या श्रमिक उमेर समूहभित्र रहेको र तीव्र रूपमा विस्तार हुँदै गएको मध्यमवर्गीय जनसंख्याले उपभोक्ता वृद्धिका अपार सम्भावना देखाएको छ । यसबाहेक, विदेशी भाषा बोल्ने युवाहरूको संख्या उल्लेख्य रहेकाले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई नेपालमा मनपर्ने स्थानीय दक्ष श्रमशक्ति खोज्न मद्दत पुग्छ । नेपालले पर्यटन, कृषि, उत्पादन, सूचनाप्रविधि, गार्मेन्ट, कृषि प्रशोधन र पूर्वाधार एवं उच्च मूल्यका बाली उत्पादनलगायत विभिन्न क्षेत्रमा लगानीका अवसरहरू उपलब्ध गराएको छ ।

जलविद्युत् उत्पादनको प्रचुर सम्भावनाले नवीकरणीय र स्वच्छ ऊर्जा आपूर्तिको प्रतिबद्धता व्यक्त गर्दछ । त्यस्तै पर्यटन क्षेत्रले समृद्ध सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यलाई संकेत गरेको छ । नेपालमा जलविद्युत् उत्पादनको प्रचुर सम्भावना भए पनि हालसम्म तीन हजार २०० मेगावाट मात्रै उत्पादन भएको छ । करिब पाँच हजार ५६८ मेगावाटका ठूला आयोजना सार्वजनिक-निजी साझेदारी (पिपिपी) मा निर्माण चरणमा छन् । यसले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्ने प्रचुर अवसरहरू स्पष्ट रूपमा देखाएको छ । विद्यमान एवं योजनामा रहेका भारत र चीनसँग जोड्ने अन्तरदेशीय प्रसारणलाइनहरूले ऊर्जा आदानप्रदानलाई सहज बनाउँछ । यस क्षेत्रभित्र विद्युत् सहकार्यलाई सहज तुल्याउन भारतसँग विद्युत् व्यापार सम्झौता, चीनसँग समझदारी र बंगलादेशसँग विद्युत् निर्यात समझदारीमा हस्ताक्षर गरेका छौं ।

पर्यटन उद्योग अर्थतन्त्रको महत्त्वपूर्ण योगदानकर्ताको रूपमा देखिएको छ । सन् २०२३ को जुनमा १२ लाखभन्दा बढी अन्तर्राष्ट्रिय पर्यटकको आगमनले गत वर्षको तुलनामा उल्लेखनीय १७ प्रतिशत वृद्धि भएको तथ्य प्राप्त भएको छ । त्यस्तैगरी सूचना प्रविधि क्षेत्रले सन् २०२१ मा सेवा निर्यातमा लगभग ६५ प्रतिशतको उल्लेखनीय वृद्धिदर कायम गरी उच्चस्तरको लगानी मार्ग देखाएको छ । त्यसैगरी नेपालले उच्च मूल्यवान नगदेबालीहरू निर्यातका लागि आकर्षक अवसरहरू प्रस्तुत गरेको छ, यसले लगानी आकर्षणलाई अझ बढाउने र आर्थिक वृद्धिमा योगदान पुर्‍याउने देखिएको छ ।

तयारी पोसाक र नेपाली गलैंचा पनि विश्वबजारमा निकासी हुने र गुणस्तरका लागि प्रख्यात, लगानीको प्रचुर सम्भावना भएका प्रमुख उत्पादन हुन् । दुई विशेष आर्थिक क्षेत्रहरूको सञ्चालनसँगै देशभर निर्माणको चरणमा रहेका अन्य आर्थिक क्षेत्रले देशको आर्थिक वृद्धि र औद्योगिक विकासलाई बढावा दिने हाम्रो प्रतिबद्धतामा जोड दिएको छ । हाल नेपालमा १० औद्योगिक जिल्लाहरू सञ्चालनमा आएका छन्, थप छ वटा विकास गर्ने योजना रहेको छ, यसले कम लागतमा प्रारम्भिक लगानी सुनिश्चित गर्दछ र आवश्यक पूर्वाधार एवं अन्य सहयोग गर्ने छ ।

उदीयमान बजार भारत र चीन बीचमा अवस्थित नेपालको रणनीतिक स्थानका कारण पनि नेपाल लगानीका लागि उपयुक्त गन्तव्य हो भन्ने संकेत गर्दछ । बजारमा शुल्कमुक्त पहुँच, क्षेत्रीय सम्झौताहरू साफ्टा/बिमस्टेक एवं स्वतन्त्र व्यापार सम्झौताले पनि द्विपक्षीय र क्षेत्रीय बजारहरू सुनिश्चित गरेको छ । अन्तर्राष्ट्रिय निजी लगानीको सहज प्रवाहलाई सहज बनाउन उद्योग विभागले छ अर्ब रूपैयाँभन्दा कमको लगानीका लागि अनुमोदन गर्छ भने लगानी बोर्ड नेपालले छ अर्ब रूपैयाँभन्दा बढीको लगानी वा २०० मेगावाटभन्दा बढी ऊर्जा आयोजनाहरू व्यवस्थापन गर्छ । दुवै सरकारी संस्थाहरू स्वदेशी र अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई तोकिएको समय सीमाभित्र सहज सेवा प्रदान गर्न प्रतिबद्ध छन् । नेपालमा वैदेशिक लगानी गरेका कम्पनीहरू नाफामुखी देखिएका छन् । ती कम्पनीहरूले लाभांश फिर्ता लगेको अवस्थाले पनि नेपालमा लाभदायक लगानीको वातावरण भएको प्रस्ट देखाउँछ ।

हालै भएका सम्झौता र समझदारीको आदानप्रदान सहकार्य र साझेदारीको नयाँ युगको सुरुआत भएको प्रतीक हो । मलाई विश्वास छ निकट भविष्यमा यसको परिणाम आउने छ । मलाई विश्वास छ, दुई दिनको यो महत्त्वपूर्ण सम्मेलनमा विभिन्न तहमा केही घोषणाहरू गरिने छन् । यसले सरकार-सरकार, सरकार-व्यवसाय र व्यवसाय-व्यवसाय-सरकारको तहमा नेपाललाई विश्वव्यापी लगानी गन्तव्यको रूपमा प्रस्तुत गर्ने छ ।

यस शिखर सम्मेलनमा प्रस्तुत गरिने परियोजनाहरूले हाम्रो देश र सम्भावित लगानीकर्ताहरू दुवैलाई फाइदा पुग्ने ठोस नतिजाहरूको प्रतिज्ञासहित नेपालमा लगानीका विशाल अवसरहरू सिर्जना हुने छ । आगामी दशकमा दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने नेपालको लक्ष्य स्वदेशी र विदेशी दुवै निजी क्षेत्रसँगको सामूहिक साझेदारीमा सम्पन्न हुने छ भन्नेमा म विश्वस्त छु । सबैको सहकार्य र सहयोगले नेपालको आर्थिक सम्भावनालाई सदुपयोग गरी आर्थिक रूपान्तरण र समृद्धिको दिशामा अघि बढ्नेमा म आशावादी छु ।

*(प्रधानमन्त्री दाहालले तेस्रो नेपाल लगानी शिखर सम्मेलन, २०२४ को उद्घाटनका क्रममा व्यक्त गरेको मन्तव्यबाट)*

# लगानी सम्मेलनका आधारभूत तत्त्व र अपेक्षा



**दीपेन्द्रबहादुर क्षेत्री**

> लगानी सम्मेलनको महत्वलाई ख्याल गरी झण्डै एक दर्जन ऐन अध्यादेशमार्फत संशोधन गरी लगानीमैत्री बनाइएको छ । जग्गा प्राप्ति उत्पादनका साधनमध्येको एक हो, सहज र समन्यायिक ढंगले प्राप्त हुनुपर्छ भन्ने आधारमा रजिस्ट्रेसन मूल्यको तीन गुणाभन्दा बढी हुनु हुँदैन भन्ने कानुनी नयाँ व्यवस्थाले लगानीका लागि अनुकूलता थपेको छ । उद्यम व्यवसाय सुरु गर्दाका अवस्थामा आइपर्ने झैझमेला समयमै टुंग्याउन "द्रुत निराकरण"को पद्दति अनुशरण गर्नुपर्ने हुन्छ ।

राजनीतिक परिवर्तनलगत्तै सन् १९५२ मा भएको लगानी सम्मेलनलाई पनि गणना गर्दा हाल हुँदै गरेको नेपालमा चौथो सम्मेलन हो । सन् २०१७ र २०१९ का सम्मेलन बढी अनुभव बटुल्न र केही हदसम्म वित्तीय स्रोत जुटाउन सफल भए पनि सन्तोषप्रद रहेनन् । सरकारका नीतिमा परिवर्तन भइरहने (प्रत्यक्ष वैदेशिक लगानीको न्यूनतम् सीमा पाँच करोड रूपैयाँबाट दुई करोडमा घटाइएको) बदलिएअनुसार सरकारका भाका बदलिने सरकारको पुँजीगत खर्चले संघ, प्रदेश र स्थानीय तहको आधा पनि खर्च हुन नसकेको र आर्थिक गतिशीलता कम रहेको वस्तुगत परिस्थितिमा सम्मेलनको आलोचना नै भइरहेको छ । अघिल्लो सरकारका अर्थमन्त्रीले घोषणा गरेको यो सम्मेलन नीतिगत निरन्तरताको दुहाईसहित वर्तमान अर्थमन्त्रीले मुख्य एजेण्डाको रूपमा जिम्मेवारीसहित अघि बढाएको देखिन्छ ।

वित्तीय स्रोतको अभावले उद्योग, व्यवसाय, विकास निर्माण हुन नसकेको भाष्य मुलुकमा निर्माण भएको छ । राष्ट्रिय बचतको दर कम छ । देशीय पुँजीपति विदेशमा लगानी गर्न पाउने ढोका खोल्ने माग गर्छन् । सीमित स्रोत र साधनको कुशल व्यवस्थापनको खडेरी छ । प्रविधिको प्रयोगमा गाउँगाउँमा बाटो निर्माणका नाममा डोजरको प्रयोग र कार्यालयहरूमा विद्युतीय प्रणालीको (डिजिटल) प्रयोगबाहेक कृषि, औद्योगिक उत्पादनमा न्यून छ । यस परिस्थितिमा आयोजना हुन लागेको लगानी सम्मेलन र विगतको अनुभवको आधारमा के अपेक्षा होला जिज्ञासाको विषय हो ।

झट्ट हेर्दा लगानी सम्मेलनले नाफाको अपेक्षा गरिरहेको वैदेशिक पुँजी 'एक माना' नाफा गर्न सकिने हाम्रो जस्तो मुलुकले लगानीको अवसर दिन्छ भन्ने सोच बेठीक नभए पनि पूरै साँचो होइन । फेरि वैदेशिक लगानीले पुँजीमात्र होइन, उत्पादनका साधनमध्येको प्रविधि र व्यवस्थापन पनि भित्र्याउँछ । अतः हाम्रो यस सम्मेलनको प्रमुख लक्ष्य के हो ? यकीन भएकै होला । प्राकृतिक रूपले आकर्षक रहेको, बह लुकाएर पनि मुस्कान छर्ने धनी नेपालीको नजिकबाट अनुभूत गर्नमात्र त के होला र ? हजारभन्दा बढी सम्भावित लगानीकर्तालाई ६० भन्दा बढी देशबाट निम्ता गरिएको पर्यटन विकासको लक्ष्यमात्र होइन । सम्भावित लगानीकर्ता आफ्नो गतिविधिको क्षेत्रको अनुभवी, विश्व लगानी बजारको विशेषज्ञ र नेपालकै विषयमा पनि सार्वजनिक गरिएका तथ्यांक आफ्नो पहुँचका कूटनीतिक विचारबाट बुझेझै हुन्छ । त्यसका अतिरिक्त सम्मेलनमा प्रस्ताव गरिएका परियोजनाको विषयवस्तु पछि निर्णय लिन सघाउने विषयवस्तु हुन् । अर्कोतर्फ लगानीको माग गर्ने हाम्रो तर्फबाट सम्भावित लगानीकर्ताहरू बारेको जानकारीमा कति ध्यान दिइएको छ भन्ने विषय पनि महत्त्वको हो । माग र आपूर्तिको नियमअनुसार ती दुई चरको अन्तर्क्रियाबाट नतिजा निस्कने अर्थशास्त्रीय नीतिमा कति ध्यान दिइएको छ भन्ने विषयले पनि सम्मेलनको सफलता भर पर्छ ।

सार्वजनिक गरिएको जानकारीअनुसार झण्डै डेढ सय परियोजना विमर्शका लागि पेस गरिएको छ । एक चौथाइ प्रस्तावित परियोजना प्रारम्भिक चरणका छन् भने एक पञ्चमांश परियोजना वित्तीय स्रोतको खोजीमा रहेको देखिन्छ । निजी क्षेत्रबाट आंशिकरूपमा विकसित परियोजनामा वैदेशिक सहभागिताको अपेक्षाका परियोजना पनि छन् । मुलुक जलस्रोतको धनी कहलिएको सन्दर्भमा दर्जनभन्दा बढी जलविद्युत् आयोजना पनि प्रस्तावित छन् । परियोजनाहरूको बाहुल्यता, विविधता र अपेक्षित सहभागिताको पहल पनि फरक भएकाले सम्भावित लगानीकर्ताका लागि छनोटको विविधता पनि देखिन्छ ।

लगानी सम्मेलनले लक्षित गरेका सम्भावित लगानीकर्ताको हुन् त ? वास्तवमा स्वदेशी गैरआवासीय नेपाली र विदेशी लगानीकर्ता जो कोही पनि व्यावसायिक अनुभव भएकाहरूले योगदान दिनसक्ने अपेक्षा लिइएको देखिन्छ । आयोजनाको प्रकृतिअनुसार सयुक्त लगानी, परियोजनाको कुनै अंशको जिम्मेवारी वहन गर्नेजस्ता रोजाइ पनि हुन सक्छ । उत्पादन केन्द्रित, सेवा प्रदान गर्ने, उत्पादित सेवा/वस्तु आन्तरिक बजारका लागि पूर्ण वा आंशिक निर्यातजस्ता मिहीन विषय पनि छलफलमा आउन सक्छन् ।

मूलरूपले लगानीका लागि इच्छुक व्यक्ति र कम्पनीले राख्ने अपेक्षा भनेको प्रथमतः पुँजीको सुरक्षा हो । आर्जन गरेको रकम सहजरूपले लैजान पाउने प्रत्याभूति पनि हो । त्यसका अतिरिक्त उद्यम व्यवसायमा प्रवेश गर्न आवश्यक पर्ने क्षेत्रमा चाहिने पूर्वाधारको व्यवस्था कम झन्झटिलो होस् भन्ने अपेक्षा पनि रहन्छ । यो माग पक्षलाई आपूर्तिकर्ता अति उदार र उत्साही भाषामा आश्वासन दिने, व्यवहारमा अलमलमात्र होइन, सेवा प्राप्त नहुने अवस्था लगानीका लागि प्रतिकूल परिस्थिति हो । एकद्वार प्रणाली, विद्युत्, पानी, सडक, विदेशी विनिमय सेवा आदि दिने प्रत्याभूति जति सजिलोसँग दिइन्छ, सेवा प्रवाहमा त्यत्तिकै जटिलता पनि छ । जुन मर्मका साथ सम्मेलनको तयारीमा जुटिएको छ । सोहीअनुसार सेवा प्रवाहका निम्ति सम्बन्धित एजेन्सीलाई तम्तयार, चुस्त दुरुस्त र सुशासनयुक्त पद्दतिको खाँचो पर्दछ ।

सम्भावित लगानीकर्ताले हेर्ने अर्को पक्ष सम्बन्धित मुलुकको अर्थतन्त्रको अवस्था पनि हो । सरकारको वैदेशिक मुद्राको सञ्चितिको अवस्था के छ ? वैदेशिक व्यापारको स्थितिबारे पनि चासो रहन्छ । व्यापारका हकमा आयातबाट निर्वाह हुने वस्तुको उत्पादन आन्तरिकरूपले गर्न सके आयात प्रतिस्थापनको फाइदा हुनसक्छ । निर्यात गरिने वस्तुको उत्पादन हुने हो भने सोको लगानीबाट लागानीकर्ता र देश दुवैले फाइदा लिन सक्ने हुन्छ । पशुपक्षी पालन व्यवसाय उक्त विषयको राम्रो उदाहरण हो । पशुपक्षीको मासु, अण्डा आन्तरिक खपतका लागि पनि बढी माग भएको क्षेत्र हो । त्यसमा पनी छिमेकी दुई देशको आवश्यकता पनि ख्याल राख्ने हो भने पशुपक्षी पालन अति आकर्षक लगानीको क्षेत्र हो । उत्तरतर्फ भैंसी, राँगा, बंगुरको गुणस्तरीय मासुको माग असीमित छ । दक्षिणतर्फ खसी, बोका, हाँस, कुखुराको मासु र अण्डा नेपालमा आयात भइरहेकामा हिमाली भेगको उत्पादनको माग सिर्जना गर्न र अभ्यस्त गराउने गुञ्जायस छ ।

लगानीका लागि वस्तु, सेवाका हिसाबले जति सम्भव भए पनि अर्थतन्त्रको दिगोपना र जोखिम बहन गर्ने क्षमताको पारख पनि आवश्यक पर्छ । सन् २०२६ मा विकासशील देशमा स्तरोन्नति हुने एजेण्डा अर्थतन्त्रको सबलीकरणको धोतक हो तर पनि विगतदेखि नै मुलुकको साखको पारख गराउने प्रतिबद्धता भने ओझेलमै परेको छ । समकालीन अवस्थामा मुलुकको बाहय क्षेत्र अन्तर्राष्ट्रिय व्यापारलगायत चालु खाता, शोधनान्तर अवस्था सकारात्मक छ । विप्रेषण नितान्त अस्थायी प्रकृतिको स्रोत हो । तापनि बाहय क्षेत्रलाई सबल बनाउन तत्काल योगदान गरेको चर हो । यो परिस्थितिमा लगानीककर्ताका निम्ति सकारात्मक सोचाइ राख्न सघाउने तत्त्व पनि भएको छ । सार्वभौम साखको पारख अति महत्त्वको कारक भए पनि सो औंल्याउन नपाइनु खड्किएको विषय हो ।

सम्मेलन तयारीका सिलसिलामा जुन किसिमको प्रचारप्रसार भइरहेको छ, सोबाट लगानीकर्तालाई सम्मेलनमा भाग लिन उत्साही गराएको हुनुपर्छ । सरकारी र अन्तर्राष्ट्रिय मञ्चमा खासगरी कूटनीतिक क्षेत्र, बहुपक्षीय वित्तीय संस्थाहरू अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र एशियाली विकास बैंक आदिका प्रतिनिधिहरू र उद्योग, व्यवसाय सञ्चालनका अतिरिक्त सामूहिक पुँजी (भेञ्चत क्यापिटल) लगानीकर्तामा घनिभूतरूपले सन्देश पुगेको देखिन्छ ।

लगानीका लागि वातावरण सिर्जना गर्नुपर्ने भन्नु र अनुकूल वातावरण पाएका छौं भन्ने अनुभूति सम्बन्धित पक्षहरूको सामाजिक आर्थिक र सांस्कृतिक पृष्ठभूमिमा भर पर्छ । केही मुलुकका पर्यटक अति सेवा भाव र समर्पण खोज्ने हुन्छन् भने कुनै मुलुकका पर्यटक भने नेपाली सामान्य शैलीबाट अति प्रभावित भई आगमन कयौं गुणा बढाएका हुन्छन् । लगानी त सम्पत्तिसँग सम्बन्धित विषय हो । प्रत्यक्ष रूपले लाभ र हानि व्यहोरिने यो गतिविधिले आपसी सद्भाव सौहार्द्रता र संयम पनि खोज्दछ । जुन दुवै पक्षका लागि लाभदायक र चिरस्मरणीय परिघटना पनि हुन्छ ।

लगानी सम्मेलनको महत्त्वलाई ख्याल गरी झण्डै एक दर्जन ऐन अध्यादेशमार्फत संशोधन गरी लगानीमैत्री बनाइएको छ । जग्गा प्राप्ति उत्पादनका साधनमध्येको एक हो, सहज र समन्यायिक ढंगले प्राप्त हुनुपर्छ भन्ने आधारमा रजिस्ट्रेसन मूल्यको तीन गुणाभन्दा बढी हुनु हुँदैन भन्ने कानुनी नयाँ व्यवस्थाले लगानीका लागि अनुकूलता थपेको छ । उद्यम व्यवसाय सुरु गर्दाका अवस्थामा आइपर्ने झैझमेला समयमै टुंग्याउन 'द्रुत निराकरण'को पद्दति अनुशरण गर्नुपर्ने हुन्छ ।

विविध परिस्थितिमा आयोजना भएको यस लगानी सम्मेलनले विगतमा सँगालिएका अनुभवका आधारमा सच्याउनुपर्ने विषय ताकि त्रुटिरहित ढंगले व्यवस्थित गर्न भएको प्रयास प्रशंसानीय छ । सम्भावित लगानीकर्ताहरूको सम्पर्क रहने सहयोगी वा सहजीकरण गर्ने व्यक्ति वा संस्थाले सम्बन्धित पक्षको सामाजिक, सांस्कृतिक मान्यताको ख्याल गरी व्यवहार गर्नु पनि महत्त्वपूर्ण जिम्मेवारी रहन्छ । हालसम्मका प्रयास र विदेशस्थित वैदेशिक नियोगहरूको प्रयत्नसमेत र अन्तर्राष्ट्रिय परिस्थितिलाई ख्याल गर्दा लगानी सम्मेलनका लागि वातावरण अनुकूल छ । नीतिगत र आश्वस्त पारिएका बिन्दुमा इमान्दारिता देखाइ कार्यान्वयनमा सघाउ पुर्‍याउँदा लगानीबाट प्रचुर मात्रामा लाभान्वित भएका घटना ताजा छन् । लगानीकर्ताहरूमा विश्वास अभिवृद्धि गर्न र मुलुकको हितका लागि लगानी सम्मेलन-२०२४ भरोसायोग्य हुने छ । *रासस*

*(लेखक राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर हुन्)*



**एकीकृत मिलन बस्ती** | गोरखाको भीमसेन थापा गाउँपालिका–५ बगुवास्थित लामाचौरमा निर्माणाधीन एकीकृत मिलन बस्ती । भूकम्पपीडितलाई पुनःस्थापना गर्नका लागि निर्माण सुरु गरिएको बस्ती बजेट अभावका कारण अझै सम्पन्न हुन सकेको छैन ।

*तस्बिरः दीपक श्रेष्ठ/रासस*

# जन्मदर्ता नहुँदा अवसरबाट वञ्चित

**महोत्तरी–** जन्मदर्ता नबनाउँदा स-साना बालबालिका विभिन्न अवसरबाट वञ्चित हुँदै आएका छन् । पाँच वर्षमुनिका बालबालिकालाई उपलब्ध गराइने पोषणभत्ता, छोरी शिक्षा बिमा र विद्यालय भर्नाजस्ता अवसर जन्मदर्ता नहुँदा छुट्ने गरेको छ। खासगरी अति विपन्न मुसहर, बाँतर, डोम, हलखोर र मेस्तर जाति समुदायमा यो समस्या बढी देखिएको छ ।

महोत्तरीको भंगाहा-४ रामनगर बस्तीकी हेमनी सदाका तीन छोराछोरीमा कसैको जन्मदर्ता छैन । यसैगरी सोही वडाको पलार बस्तीका बाँतर परिवारमा जन्मदर्ता नहुँदा पाँच वर्षमुनिका बालबालिकाले पोषण कार्यक्रमको रकम पाउन सकेका छैनन् । शिक्षा र सामाजिक चेतनाको कमीले विद्यालय भर्नाबारे अभिभावकमा खासै चासो नभए पनि पोषणको रकम नपाउँदा बाँतर आमा आफ्ना छोराछोरीले नपाएको गुनासो गर्छिन् । 'वडा कार्यालयका कर्मचारी जन्मदर्ता देऊ भन्छन्, अहिले नबनेको हुँदा पैसा पाइएन,' छोराछोरीको पोषणभत्ता नपाएर खिन्न बनेकी पलारकी पुकारी बाँतर भन्छिन्, 'अबचाहिँ बच्चाको जन्मदर्ता गर्न तातेकी छु । ' महोत्तरीका मुसहर, बाँतर, डोम, हलखोर र मेस्तर जाति समुदायको बसोबासका बस्तीमा यस्ता समस्या देखिन्छन् ।

यी जाति समुदायमा गरिबी, अशिक्षा र सामाजिक चेतनाको कमी छ । गरिबी र चेतनाको कमीले शिक्षा यिनीहरूको प्राथमिकतामा पर्दैन । किशोरावस्था टेकेपछि छोराछोरीले कतै काम गरेर घरको गर्जो टार्ने काममा सघाऊन् भन्ने अभिभावकको मुख्य ध्येय देखिन्छ । तर आर्थिक अवसर छुट्दा यिनीहरू खिन्न भने हुन्छन् । पाँच वर्ष मुनिका बालबालिकालाई दिइने पोषणभत्ताको 'पोषण' बुझ्ने जरुरी यी ठान्दैनन् । बरु त्यो रकमले घरपरिवारको गुजारामा सहयोग पुग्ने आश भने अभिभावक गर्छन् । 'पोषण' भत्ताको कुरा थाहा पाएपछि भने नानीहरूको जन्मदर्ता गर्ने बढेको भंगाहा-४ नं. वडा कार्यालयका सचिव तेजनारायण सिंह बताउँछन् ।

महोत्तरीसहितका मधेसमा जन्मदर्ता नबन्नुमा इच्छा, तत्परता नभएर मात्र नभई आवश्यक प्रमाण कागजातको अभाव पनि कारण देखिन्छ । बाबुआमाको नागरिकता नबनेको र बाबुआमाको विवाह दर्ता नभएको अवस्थामा स-साना नानीहरूको जन्मदर्ता गर्न कानुनी अड्चन छ । वडा कार्यालयका सचिवले जन्मदर्ता गर्नअघि यी आवश्यक कागजात माग गर्दा देखाउन नसकेपछि धेरैले फेरि प्रयास नै गर्न छाडेका छन् । यसैगरी कतिपय परिवारमा बाबुआमासँग यी कागजात भए पनि सोबारे चासो नराख्दा स-साना नानीहरूको जन्मदर्ता नबन्दा यिनीहरू राज्यबाट पाउने अवसरबाट वञ्चित भएका हुन् ।

महोत्तरीसहितका मधेस प्रदेशमा यस्ता बालबालिकाको संख्या झण्डै दुई लाखको हाराहारीमा रहेको राष्ट्रिय जनगणना-२०७८ को तथ्यांक अभिलेखमा उल्लेख छ । मधेसमा २०७८ को राष्ट्रिय जनगणना अभिलेखमा पाँच वर्ष मुनिका बालबालिकाको संख्या सात लाख ९९ हजार ८९७ देखाइएको छ । यीमध्ये एक लाख ८८ हजार १७६ अर्थात् २३.४ प्रतिशतको विभिन्न कारणले जन्मदर्ता भएको छैन ।

समाजमा अशिक्षा र सामाजिक चेतनाको कमीले यसबारे देखिने बेवास्ता चिर्न राजनीतिक दल, सामाजिक संघ संस्था र स्थानीय तहले जागरण कार्यक्रम सञ्चालन गर्नुपर्ने बुद्धिजीवी औंल्याउँछन् । नागरिक दायित्व र अधिकार बारेमा लगातार सुसूचित गराएपछि क्रमशः जन्मदर्ता गराउन र त्यसका लागि आवश्यक प्रमाण कागजात जुटाउन तत्परता बढ्ने भंगाहा-३ का स्थानीय बासिन्दा एवं समाजशास्त्री शिवराज दाहालले बताए । *रासस*

## मकवानपुरमा बढ्दै डेंगी संक्रमित

**बागमती (प्रस)–** पछिल्लो नौ महिनाको अवधिमा मकवानपुरमा ८५७ जना डेंगी संक्रमित फेला परेका छन् । चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि हालसम्म मकवानपुरमा ४३९ पुरुष र ४१८ महिला गरी ८५७ जना नयाँ डेंगी संक्रमित फेला परेको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारले जानकारी दिए ।

उनका अनुसार तीमध्ये हेटौंडा उपमहानगरपालिकामा मात्र सबैभन्दा बढी ५४८ डेंगी संक्रमित फेला परेका छन् । डेंगी संक्रमणबाट हालसम्म मकवानपुरमा एक जनाको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । गत आर्थिक वर्ष २०७९/८० मा मकवानपुर जिल्लामा पाँच हजार ८६४ जना डेंगी संक्रमित भएका थिए । गर्मी मौसम सुरु भएसँगै डेंगी संक्रमित अझै बढ् नसक्ने भएकाले जनचेतनामूलक सन्देश प्रवाहसँगै लामखुट्टेका लार्भा खोज्ने र नष्ट गर्ने अभियान सुरु गर्न लागिएको प्रमुख मिजारको भनाइ छ ।

## दाङको राजपुरमा २४ घर र १० गोठ जले

**तुलसीपुर (प्रस)–** दाङको राजपुर गाउँपालिका-७ हाडबास गाउँमा आगलागी हुँदा २४ घर जलेर नष्ट भएका छन् । सोही आगलागीले अन्य १० वटा गोठसमेत जलेर नष्ट भएको वडा नं ७ का वडाध्यक्ष पुष्कर वलीले बताए । सो गाउँमा २५ वटा घर थिए । तीमध्ये २४ वटा जलेर नष्ट भएका हुन् । आइतबार दिउँसो ३ बजेतिर गाउँमा आगलागी भएको हो । आगलागी भएका सबै घर खरले छाइएका थिए । जस्ताले बनाएको मानबहादुर गिरीको घरबाहेक सबै घर जलेका हुन् । नजिकै रहेको वनबाट लागेको आगो गाउँमा पसेको हो ।

## नवलपुरमा वन डढेलो नियन्त्रण बाहिर

**नवलपुर (नवलपरासी सुस्तापूर्व)-** नवलपुरमा गत चैत पहिलो सातादेखि लागेको वन डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन । डिभिजन वन कार्यालय नवलपुरका वन अधिकृत शिशिर लम्सालले जिल्लामा दैनिक सरदर १५ देखि २० ठाउँमा वन डढेलो लाग्ने गरेका जानकारी दिए ।

बढ्दो गर्मी, तातो हावासँगै चालु आर्थिक वर्षमा १०० भन्दा बढी सामुदायिक वनमा डढेलो लागेको उनले बताए । 'नवलपुरमा ८० प्रतिशतभन्दा बढी सामुदायिक, मध्यवर्ती, कबुलियतीलगायतका समुदायमा आधारित वन छन्, तीमध्ये १०० भन्दा बढी सामुदायिक वनका दुई हजार ५५३ हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ । अहिलेसम्म मध्यबिन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकामा रहेका वन सबैभन्दा बढी प्रभावित भएका छन्,' लम्सालले भने ।

सामुदायिक वन उपभोक्ता महासंघ नवलपुरका सचिव सुशील पौडेलले वन डढेलोका कारण जंगलको बीचमा र जंगलनजिक रहेका गाउँहरू जोखिम रहेका बताए । मानवीय सचेतनाको अभावका कारण वन डढेलोका घट्ना बढ्दै गएकाले सचेतना अभिवृद्धिमा जोडदिनुपर्ने उनको भनाइ छ ।

'डढेलो लगाएपछि वनमा च्याउ उम्रिन्छ, किर्ना मर्छ, नयाँ पालुवा पलाउँछ भनेर बढीमात्रामा जंगलमा डढेलो लगाउने गरेको पाइएको छ । यस्तो सोचाइमा परिवर्तन ल्याउनका लागि राज्यलगायत सबै सरोकारवाला जिम्मेवार बन्न आवश्यक छ,' पौडेलले अगाडि भने ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक नरहरी रेग्मीले पनि मानवीय लापरवाहीका कारण वन डढेलोका घटना बढिरहेकाले त्यस्ता प्रवृति निरुत्साहित गर्न जरूरी रहेका बताए । पहाडी क्षेत्रमा बाटोको सहज पहुँच नभएकाले स्याउला र माटोकै भरमा वन डढेलो निभाउनुपर्ने बाध्यता रहेकाले पनि नियन्त्रणमा चुनौती रहेका वन अधिकृत लम्सालको भनाइ छ ।

नागरिकतहसम्म सचेतनाका कार्यक्रम लिएर जाने, अग्निरेखा बनाउने, गर्मी मौसम सुरू हुनुअघि नै जंगलका पातपतिंगर झिक्नसके डढेलाका घटनामा कमी ल्याउन सकिने स्थानीयको भनाइ छ । *रासस*

## बालबालिकासम्बन्धी ऐन कार्यान्वयन गर्न परमादेश

**बाँके (प्रस)–** बाँके र बर्दियाका स्थानीय तहको नाममा बालबालिकासम्बन्धी ऐनलाई कार्यान्वयन गर्नका लागि उच्च अदालत नेपालगञ्जले परमादेश जारी गरेको छ । स्थानीय सरकारले ऐनअन्तर्गत स्थानीय बालअधिकार समिति गठन नगरेपछि तत्काल कार्यान्वयन गर्न अदालतले परमादेश जारी गरेको हो ।

उच्च अदालत तुल्सीपुर इजलास नेपालगञ्जका न्यायाधीश टंकप्रसाद पौडेल र न्यायाधीश वसन्तराज पौडेलको संयुक्त इजलासले बालबालिकासम्बन्धी ऐन २०७५ ले व्यवस्था गरेबमोजिम बालअधिकार समितिको गठन गरी ऐन कानुनले तोकेको बालबालिकाप्रतिको दायित्व निर्वाह गर्नुपर्ने देखिएकाले सोको व्यवस्था गर्न परमादेश जारी गरेको हो ।

अदालतले बालबालिकाको अधिकार, सम्मान संरक्षण, प्रवर्द्धन र परिपूर्तितर्फ प्रभावकारी कार्य कार्यान्वयन नगरेको देखिँदा बालबालिकासम्बन्धी ऐन कानुनले निर्दिष्ट गरेका दायित्व पूरा गर्नेतर्फ आवश्यक संयन्त्र बनाई सो को प्रभावकारी कार्यान्यवन गर्न गराउन विपक्षीको नाममा आदेश गरेको हो ।

सार्वजनिक सरोकारको विषय भएको भन्दै सूचना र मानवअधिकार अनुसन्धान केन्द्र नेपालगञ्जको तर्फबाट जिज्ञाशा तिवारी र एञ्जिला ज्ञवालीले बाँके र बर्दियाका १६ वटा स्थानीय तहलाई विपक्षी बनाई बालबालिकासम्बन्धी ऐनलाई कार्यान्वयन गर्न माग गर्दै उच्च अदालतमा रिट दायर गरेका थिए ।

स्थानीय तहले बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६० स्थानीय बालअधिकार समिति गठन, दफा ६१ मा बालकल्याण अधिकारीको नियुक्ति, बालकल्याण अधिकारीको काम कर्तव्य र अधिकारको व्यवस्था र दफा ६२ मा पालिकाअन्तर्गत समाजसेवी तथा बालमनोविज्ञ नियुक्तिसमेतको व्यवस्था रहेको छ ।

उक्त कानुनी व्यवस्था रहे पनि हालसम्म बाँके र बर्दियाका कुनै पनि स्थानीय तहले त्यसको कार्यान्वयन गरेको पाइँदैन । सोको कार्यान्वयनका लागि अदालतमा सार्वजनिक सरोकारको विषय भन्दै मुद्दा दायर गरिएको अधिवक्ता विश्वजीत तिवारीले बताए ।


**Katari Municipality**
**Office of Municipal Executive**
**Koshi Province, Udayapur, Nepal**

**LETTER OF INTENT TO AWARD THE CONTRACT**

*Date of publication:29th April, 2024 (2081/01/17)*

This is to notify all concerned bidders that it is our intention to award the contract to the following party, selected as the Substantially Responsive Lowest Evaluated Bid for the execution of the specified work under Contract ID provided below:

| S.N | Contract ID | Description of work | Name and Address of Successful Bidder | Bid Price including VAT and PS (NRs) |
|---|---|---|---|---|
| 1 | KMUN/W/ NCB/10/080/81 | Upgrading of Katari 2- GarashBhitri Sadak | M/S Republic Construction Pvt. Ltd, Kathmandu | 13,89,054.29 |

This notice is published as per Public Procurement Act 2063, Clause no. 27.2 & 27.3.

**Chief Administrative Officer**
**Katari Municipality**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAHF AL MADAEN CONTRACTING EST.
पुर्व स्वीकृति मिति २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 282026 चलानी नं. ६०१९७५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY
पुर्व स्वीकृति मिति २०८०/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 297540 चलानी नं. ६०२१२५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 2 | 0 | 1800 | ६४,१९० | | | | | | | |
| 3 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,६६० | | | | | | | |
| 4 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,६६० | | | | | | | |
| 5 | Smith | 2 | 0 | 1200 | ४२,७९५ | | | | | | | |

कम्पनी : SALEH BEN ABDALOULI BEN MUSLAM AL-RAIQI For Meals
पूर्व स्वीकृति मिति: २०८०/१२/१५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 302586 चलानी नं. ६०२१७४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMAHARA DOOR TRAVEL AND TOURISM WLL
पूर्व स्वीकृति मिति २०८१/०१/१६ LT. No. 303968 चलानी नं. ६०२१८७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 150 | ५३,१०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 2 | 2 | 100 | ३५,४०५ | | | | | | | |
| 3 | Office Boy | 2 | 0 | 120 | ४२,४८५ | | | | | | | |
| 4 | Secretary | 0 | 3 | 150 | ५३,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GARDINIA BUILDING CONTRACTING L.L.C
पूर्व स्वीकृति मिति २०८०/०८/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 295382 चलानी नं. ६०२१०६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 14 | 0 | 1200 | ४३५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tile Layer | 73 | 0 | 1200 | ४३५२५ | | | | | | | |
| 3 | Steel Fixer | 74 | 0 | 1200 | ४३५२५ | | | | | | | |
| 4 | Carpenter | 71 | 0 | 1200 | ४३५२५ | | | | | | | |
| 5 | Concrete Mason | 62 | 0 | 1200 | ४३५२५ | | | | | | | |
| 6 | Plumber | 20 | 0 | 1200 | ४३५२५ | | | | | | | |
| 7 | Pipe Fitter | 19 | 0 | 1200 | ४३५२५ | | | | | | | |
| 8 | Electrician | 20 | 0 | 1200 | ४३५२५ | | | | | | | |
| 9 | Brick Layer | 10 | 0 | 1200 | ४३५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080
**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN CITY SERVICES W.L.L
पुर्व स्वीकृति मिति २०८०/०७/२४ LT. No: 294839 चलानी नं.: ६०२१००३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 25 | 100 | ३५,४०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker | 50 | 25 | 100 | ३५,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले    सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN HILL OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661
Email:greenhilloverseas5@gmail.com

## पदमको गीतमा किरण र एलिसाको प्रेम

गायक पदम भट्टराईको नयाँ गीत 'कालो कपाल रातो रिबन' सार्वजनिक गरिएको छ । शनिबार गायक भट्टराईको युट्युब च्यानलमा सार्वजनिक गीतमा उनलाई रेश्मा पुनले गायनमा साथ दिएकी छन् । राम अविरल विष्टको शब्द रचना रहेको गीतमा एसडी योगीको संगीत छ । गीतको भिडियोमा भने अभिनेता किरण श्रेष्ठ र अभिनेत्री तथा मोडल एलिसा शर्मा प्रस्तुत छन् । युमी बालामीको निर्देशन तथा कोरियोग्राफी रहेको गीतमा पिटर गुरूङको छायांकन तथा विष्णुहरी तिमल्सिनाको सम्पादन छ ।





**सांस्कृतिक पहिरनमा मोह**

तनहुँको भिमाद नगरपालिका–५ मिछुर्लुङमा आयोजित एक कार्यक्रममा सांस्कृतिक पहिरनमा सजिएर सहभागी युवती । पछिल्लो समय सार्वजनिक कार्यक्रमहरूमा सांस्कृतिक पहिरनमा सजिएर सहभागी हुने युवायुवतीको क्रम बढ्दो छ ।

*तस्बिर: पूर्ण विके/रासस*

# हुम्लामा एकल देउडा गायन र निबन्ध लेखन प्रतियोगिता

**सिमकोट (हुम्ला)–** हुम्लाको सदरमुकाम सिमकोटमा सामाजिक विकास कार्यालयले आयोजना गरेको जिल्लास्तरमा विद्यालय तहका विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमअन्तर्गत एकल देउडा गीत गायन प्रतियोगिता सम्पन्न भएको छ । 'शिक्षामा नयाँ आयाम, आजको आवश्यकता' विषयमा निबन्ध लेखन प्रतियोगितासहितको कार्यक्रम सम्पन्न भएको हो ।

जिल्लाभरिका विद्यालयलाई सहभागिताका लागि पत्रचार गरे पनि पाँचवटा विद्यालयको मात्रै सहभागिता रहेको थियो । जिल्लास्तरका सम्पूर्ण विद्यार्थीको क्षमता विकासका साथै उनीहरूमा लुकेको प्रतिभालाई उजागर गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको सामाजिक विकास कार्यालय हुम्लाका प्रमुख हर्कबहादुर बस्नेतले बताए । एकल देउडा गीत गायनतर्फ चारवटा विद्यालयको सहभागी भएका थिए । जसमा सिमकोट गाउँपालिकाका कैलाश, मानसरोवर र बालमन्दिर माध्यमिक विद्यालयको सहभागिता रहेको थियो । त्यस्तै खार्पुनाथ गाउँपालिकाबाट मान्धारा माध्यमिक विद्यालयको सहभागिता रहेको थियो ।


सामाजिक विकृति विसंगतिविरुद्ध भएको सचेतनामूलक एकल देउडा गीत गायनमा मान्धारा माध्यमिक विद्यालयकी शान्ति परियार प्रथम भएकी छन् । कैलाश माध्यमिक विद्यालयकी आष्टिका शाही दोस्रो, बालमन्दिर माध्यमिक विद्यालयकी सुनिता लामा तेस्रो र मानसरोवर माध्यमिक विद्यालयका सर्जन विक सान्त्वना भएको सामाजिक विकास कार्यालय हुम्लाका प्रमुख बस्नेतले बताए ।

यस्तै 'शिक्षामा नयाँ आयाम आजको आवश्यकता' भन्ने निबन्ध लेखन विषयमा जिल्लाका पाँच विद्यालयको सहभागिता रहेको थियो । जसमा सिमकोट गाउँपालिकाका कैलाश र बालमन्दिर माध्यमिक विद्यालयको सहभागिता रहेको थियो । यसैगरी खार्पुनाथ गाउँपालिकाका सीता र चंखेली गाउँपालिका महादेव माध्यमिक विद्यालय सहभागी थिए ।

निबन्ध लेखन प्रतियोगितामा चंखेलीको महादेव माध्यामिक विद्यालयकी छात्रा ममिता शाही प्रथम भएको सूचना अधिकारी धर्मराज बोहराले बताए । मानसरोवर माध्यमिक विद्यालयका अनिल शाही दोस्रो, सीता माध्यमिक विद्यालयकी पवना हमाल तेस्रो र कैलाश माध्यमिक विद्यालयका योगेन्द्र शाही शान्त्वना भएको सूचना अधिकारी बोहराले जानकारी दिए । *रासस*

# नेपाली चलचित्रलाई दर्शकको साथ







■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ वर्ष २०८१ को सुरूआतसँगै नेपाली चलचित्रलाई दर्शकले साथ दिइरहेका छन् । गत वर्ष नेपालमा विदेशी चलचित्रको प्रभाव रहेको र स्वदेशी चलचित्रलाई प्रदर्शकले नै बेवास्ता गर्दै आइरहेको आरोप थियो । त्यही आरोप लगाएर केही निर्माताले चलचित्रको सार्वजनिक प्रदर्शनसमेत स्थगित गरेका थिए । यद्यपि गत वर्षको चैत ९ गतेदेखि सार्वजनिक प्रदर्शन सुरू गरिएको चलचित्र 'महाजात्रा' पछि प्रदर्शन गरिएको 'डिग्री माइला,' 'बोक्सीको घर' लाई दर्शकले साथ दिएका छन् ।

छैटौं सातामा प्रदर्शन भइरहेको 'महाजात्रा' ५१औं दिनतर्फ अगाडि बढिरहेको छ । लेखक तथा निर्देशक प्रदीप भट्टराईको यसअगाडिका सम्पूर्ण चलचित्रले सो सफलता प्राप्त गरिसकेकाले यसपटक पनि निर्माणपक्ष आशावादी छ । चलचित्र हेर्न आइपुगेका दर्शकले नै सिफारिस गरेपछि व्यावसायिक रूपमा सफलता प्राप्त गरिरहेको निर्देशक भट्टराईले बताए । 'अहिले दर्शकहरू नेपाली चलचित्रलाई साथ दिइरहनुभएको छ । यसले हामीलाई पनि उत्साहित बनाएको छ । समग्रमा यो चलचित्रका लागि सुखद सुरुआत हो,' निर्देशक भट्टराईले भने ।

चलचित्रमा हरिवंश आचार्य, विपीन कार्की, वर्षा राउत, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, दिव्य देवलगायतले अभिनय गरेका छन् । डिग्री पास बेरोजगारको कथालाई प्रस्तुत गरिएको रामबाबु गुरुङले निर्देशन गरेको चलचित्र 'डिग्री माइला' तेस्रो सातामा प्रदर्शन भइरहेको छ । यो चलचित्रले छ करोड रूपैयाँभन्दा बढीको 'ग्रस कलेक्सन' गरिसकेको निर्माता मणिराम पोखरेलले जानकारी दिए । युवाको सपना र क्षमतालाई प्रस्तुत गरिएको नाटक 'डिग्री माइला'कै पात्रबाट प्रभावित भई तयार गरिएको चलचित्रमा दयाहाङ राई शीर्ष भूमिकामा छन् ।

'यो पात्रले हाम्रो समाजको धेरै पक्षलाई देखाएको छ । शिक्षा, समाज, ग्रामीण अवस्था र बेरोजगार युवाको अवस्थालाई माइला पात्रमार्फत व्यक्त गरिएको छ,' अभिनेता राईले भने, 'यो पात्रलाई नाटकबाट चलचित्रमा ल्याउने सपना बल्ल पूरा भएको छ । अब यो कथा धेरैसम्म पुऱ्याउनु छ ।' गत वर्ष चैत ३० गतेदेखि प्रदर्शन गरिएको चलचित्रमा अभिनेता राईसँगै आँचल शर्मा, विजय बराल, बुद्धि तामाङ, माओत्से गुरुङ, प्रकाश घिमिरेलगायत कलाकारले अभिनय गरेका छन् ।

यस्तै, गत वैशाख १४ गतेदेखि प्रदर्शन गरिएको चलचित्र 'बोक्सीको घर' लाई पनि दर्शकले उस्तै साथ दिएका छन् । शुक्रबार आधुनिक चलचित्र भवन (मल्टिप्लेक्स) मा प्राप्त अधिकांश 'शो'हरू भरिभराउ थिए । शनिबार पनि सोही क्रमले निरन्तरता पायो । विभिन्न चलचित्र भवनमा पुगेर दर्शकसँग साक्षात्कार गरिरहेकी अभिनेत्री केकी अधिकारी दर्शकको उत्साहजनक उपस्थिति देखेर दंग छिन् ।

'सुरुआती समयमै हामीलाई विश्वास गरेर दर्शक हलसम्म आइहनुभएको छ । यसले हामीले पनि जिम्मेवारी बढेको महसुस गरेका छौं । दर्शकले मनोरञ्जनसँगै सन्देश पनि पाउनुभएको छ,' अभिनेत्री अधिकारीले भनिन् । सुलक्षण भारतीको लेखन तथा निर्देशन गरेको चलचित्रमा सुपला सापकोटा, स्वेच्छा राउत, सुष्मा निरौला, सबिन बाँस्तोलालगायत कलाकारले अभिनय गरेका छन् ।

केही समययता नेपाली चलचित्रमा दर्शकको उपस्थिति उत्साहजनक हुनु सुखद पक्ष रहेको वितरक करण श्रेष्ठले बताए । उनले भने, 'विदेशी चलचित्रको उपस्थिति कम हुनु र नेपाली चलचित्रमा सुरुआती व्यापार नै उत्साहजनक हुनुले यो वर्ष राम्रो हुने संकेत गरेको छ । दर्शकलाई चलचित्र मन पर्दासम्म अब समय मिल्दा नेपाली चलचित्रमै आउनुहुन्छ भन्ने हाम्रो अनुमान छ ।' नेपाली चलचित्रमा केही समयसम्म यसरी नै दर्शक देखिए यो वर्ष विदेशी चलचित्रलाई विस्थापित गर्दै नयाँ रेकर्ड बन्नसक्ने उनको विश्लेषण छ ।



**नेपाल-वेस्ट इन्डिज 'ए' टि-२०**

# दोस्रो खेलमा नेपाल १० रनले पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** वेस्ट इन्डिज 'ए'विरुद्धको दोस्रो खेलमा नेपाल १० रनले पराजित भएको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आइतबार जितका लागि १६१ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १५० रनमा समेटियो ।

वेस्ट इन्डिज विजयी भएसँगै पाँच खेलको प्रतियोगिता एक-एकको बराबरीमा आएको छ । प्रतियोगिताको पहिलो खेलमा नेपाल चार विकेटले विजयी भएको थियो ।

आइतबारको खेलमा नेपालका लागि कप्तान रोहितकुमार पौडेल ७१ रनमा अविजित रहे पनि जित दिलाउन सकेनन् । गुलशन झाले २६ र लोकेश बमले १७ रनबाहेक अन्य ब्याटरले उल्लेख्यनीय रन बनाउन नसक्दा नेपाल पराजित हुन पुग्यो । वेस्ट इन्डिज 'ए'को जितमा ओबेद म्याककोय र गुडाकेश मोती दुई/दुई विकेट लिए भने रोस्टन चेज र ओसेन थोमसले एक/एक विकेट लिए ।



त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १६० रन बनायो । उसका लागि आन्द्रे फेलचरले सर्वाधिक ४३ रन बनाए । उनले ३६ बल खेल्ने क्रममा तीन छक्का प्रहार गरे । साथै गुडाकेश मोतीले ३३, रोस्टन चेजले २३ रनको योगदान दिए ।

नेपालका लागि कुशल भुर्तेल र सागर ढकालले दुई/दुई विकेट लिए भने सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले एक/एक विकेट लिए । प्रतियोगिताको तेस्रो खेल आगामी बुधबार हुने छ ।

# नेपालका हिमाल र मञ्जुलाई उपाधि




**कास्की (प्रस)–** पोखरामा आइतबार सम्पन्न एसिया कप ट्रायथोलन तथा दक्षिण एसियाली च्याम्पियनसिपअन्तर्गतको 'ओपन दुआथलन' मा पुरुष तथा महिला दुवैतर्फ नेपाली खेलाडी च्याम्पियन बनेका छन् । नेपाल ट्रायथलन संघको आयोजना तथा गण्डकी प्रदेश र कास्की जिल्ला ट्रायथलन संघको व्यवस्थापनमा भएको दुआथलनको सात किलोमिटर दौड र २० किलोमिटर साइक्लिङमा पुरुषतर्फ नेपालका हिमाल टमटा र महिलातर्फ मञ्जुकुमारी खड्का च्याम्पियन बनेका हुन् ।

उपाधि विजेता टमटाले निर्धारित दूरी ५१ मिनेट २४ सेकेण्डमा पार गरेका थिए । नेपालकै नवराज न्यौपानेले सो दूरी पार गर्न एक घण्टा तीन मिनेट ४७ सेकेण्ड लगाउँदै द्वितीय र लक्ष्मण मल्लले एक घण्टा चार मिनेट ५८ सेकेण्डमा दूरी पार गरी तृतीय बने ।

पुरुषतर्फको खुला प्रतिस्पर्धामा नेपालसहित भारत, बंगलादेश र जर्मनीका गरी नौ खेलाडीले प्रतिस्पर्धा गरेका थिए भने महिलातर्फ तीन खेलाडीमात्र सहभागी थिए । महिला ओपन दुआथलनमा च्याम्पियन बन्न सफल टोलीलाई नै राष्ट्रिय च्याम्पियन घोषणा गरिएको थियो ।

त्यसैगरी महिलातर्फको 'ओपन' तथा राष्ट्रिय च्याम्पियनसिपको उपाधि विजेता खड्काले निर्धारित दूरी एक घण्टा १९ मिनेट ४५ सेकेण्डमा पूरा गरिन् । पुष्पा रोकायले एक घण्टा २३ मिनेट ३६ सेकेण्डमा दूरी पार गरेर द्वितीय बन्दा प्रमिला धमलाले एक घण्टा २८ मिनेट ३४ सेकेण्डमा सो दूरी पार गरी तृतीय बनिन् ।

एसिया कप ट्रायथोलन तथा दक्षिण एसियाली च्याम्पियनसिपअन्तर्गतको एसिया कप ट्रायथलनमा भने पुरुषतर्फ इजिप्टका सिफेलडिन इसमाइ र महिलातर्फ आइसल्याण्डका इडा हानिसडोटिर च्याम्पियन बनेका थिए ।

यसअघि गण्डकी प्रदेशका आर्थिक मामिला तथ योजनामन्त्री हरिबहादुर चुमानले प्रतियोगिताको शुभारम्भ गरेका थिए । विजेता खेलाडीलाई नेपाल ट्रायथलन संघका अध्यक्ष नीलेन्द्रराज श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष दीपक कोइराला, नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेजबहादुर गुरुङ, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, ट्रायथलन संघका केन्द्रीय उपाध्यक्ष सुमन देवकोटा, स्थानीय व्यवस्थापन समितिका संयोजक डिल्लीराज सुवेदी (शिशिर), पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठलगायतले मेडल तथा प्रमाणपत्र प्रदान गरे ।

विश्व खाद्य कार्यक्रमको सहयोग

# मासिक ६० लाख अफगानीलाई खानासहित नगदको व्यवस्था

**काबुल–** अफगानिस्तान मानवीय संकटसँग लडिरहेको बेला विश्व खाद्य कार्यक्रमले त्यहाँ हरेक महिना ६० लाख मानिसहरूलाई खाद्यान्न र नगद वितरण गरिरहेको खामा प्रेसले जनाएको छ।

संयुक्त राष्ट्रसंघीय निकायले प्रेस विज्ञप्तिमार्फत अफगानिस्तानमा यस वर्ष दुई करोड ३७ लाख मानिसलाई मानवीय सहायताको आवश्यकता पर्ने बताएको छ । राष्ट्रसंघको अनुमानअनुसार अफगानिस्तानमा करिब एक करोड ५८ लाख मानिसले खाद्य असुरक्षा संकट र आपत्कालीन स्तरहरू अनुभव गर्ने छन्। त्यहाँका मानिसका आधारभूत आवश्यकता पूरा गर्न संयुक्त राष्ट्रसंघको मानवीय मामिला समन्वय कार्यालयले तीन अर्ब ६० करोड अमेरिकी डलरको बजेट माग गरेको खामा प्रेसले जनाएको छ।

यसैबीच, पाकिस्तान, इरान र टर्कीजस्ता सीमा जोडिएका छिमेकी देशबाट जबरजस्ती निर्वासनका प्रतिवेदन आएको र यसले मानवीय संकटलाई अझ बढाएको छ । अफगानिस्तान केही समयदेखि मानवीय आधार भूत आवश्यकताको संकटसँग जुझिरहेको छ । अफगान शरणार्थीहरूले सफा पानी, बस्ने ठाउँ, जागिर र चिकित्सा हेरचाहको अभाव र घर फर्कंदा धेरै आधारभूत अवरोधहरूको सामना गरिरहेका छन् ।

चरम मौसमी अवस्थाका कारण यी शरणार्थी त्यहाँ बास बसिरहेका छन् । अफगानिस्तानमा जारी मानवीय प्रकोपलाई ध्यानमा राख्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूले तत्काल मद्दत र समर्थन उपलब्ध गराउनु आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । *रासस/एएनआई*

# 'विश्व अर्थतन्त्रमा गाजा युद्धको भावनात्मक प्रभाव'

**रियाद–** इजरायल र हमासबीच जारी युद्धले विश्वव्यापी आर्थिक भावनामा पारेको असरबारे संकेत गर्दै साउदी अरबले क्षेत्रीय 'स्थिरता'का लागि आइतबार आह्वान गरेको छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन, प्यालेस्टाइनी नेता र इजरायल र हमासबीच युद्धविरामका लागि मध्यस्थता गर्ने प्रयास गरिरहेका अन्य देशका उच्च पदस्थ अधिकारीहरू विश्वको सबैभन्दा ठूलो कच्चा तेल निर्यातकर्ता साउदी अरबको राजधानी रियादमा हुने शिखर सम्मेलनको अतिथि सूचीमा छन् ।

विश्व आर्थिक मञ्च (डब्ल्युइएफ) को दुई दिने विशेष बैठकको पहिलो प्यानल छलफलमा साउदी अरबका अर्थमन्त्री मोहम्मद अल–जदानले गाजा युद्धसँगै युक्रेन र अन्य स्थानमा भएको द्वन्द्वले आर्थिक 'मुड'मा 'ठूलो दबाब' सिर्जना गरेको बताएका छन्। जदानले भने, 'देशमा शान्ति कायम हुनु र जनतामा आशाको विकास हुनु आवश्यक छ । हाम्रो प्रयास अरब क्षेत्रसहित विश्व समुदायमा तनाव कम गरी नागरिकहरूलाई आशाको सुनिश्चितता गराउनुमा रहनुपर्छ ।'

उनले पछिल्लो समय अरब क्षेत्रमा देखिएको राजनीतिक अस्थिरतासँगै फैलिएको निराशाले अरब समुदायलाई चोट परेको बताउँदै अरब क्षेत्रका नेताहरूलाई यहाँको क्षेत्रीय शान्ति र सद्भावका लागि एकजुट हुन आग्रह गरे । उनले भने, 'यस क्षेत्रमा स्थिरताको खाँचो छ ।'

गत अक्टोबर ७ मा प्यालेस्टाइनी लडाकु समूह हमासले दक्षिणी इजरायलमाथि गरेको अकल्पनीय आक्रमणपछि गाजामा इजरायलद्वारा युद्ध सुरु भएको थियो । *रासस/एएफपी*

# हमासको नियन्त्रणमा रहेका दुई बन्धकको भिडियो सार्वजनिक



**गाजा–** गाजा युद्ध रोक्न विभिन्न कोणबाट मध्यस्थता भइरहेका समय हमासले गाजामा बन्धक बनाएका थप दुई व्यक्ति जीवितै रहेको पुष्टि हुने भिडियो शनिबार सार्वजनिक गरेको छ। यो भिडियो प्यालेस्टिनी लडाकु समूहद्वारा तीन दिन पहिले पनि अर्को एक भिडियोमा एक बन्धकद्वारा आफुहरूको जीवनरक्षाका लागि केही गर्न याचना गरेका थिए ।

हमासको सशस्त्र शाखाले गाजामा बन्धक बनाइएका दुई व्यक्तिको भिडियो फुटेज पनि सार्वजनिक गरेको छ, जसलाई इजरायली अभियान समूह होस्टेज एण्ड मिसिङ फ्यामिलिज फोरमले किथ सिगेल र ओमरी मिरानको रूपमा पहिचान गरेको छ। भिडियोमा मिरानले आफू २०२ दिनदेखि हमासको नियन्त्रणमा रहेको बताएका छन् । अमेरिकी नागरिक सिगलले पनि भिडियोमा हालैको लामो बन्दी जीवनबारे उल्लेख गरेका छन् ।

भिडियोबारे प्रतिक्रिया जनाउँदै बन्धक बनाइएकाका परिवारले उनीहरूको सकुशल फिर्तीका लागि आफूहरूले संघर्ष जारी राख्ने बताएका छन्। उनीहरूले इजरायली सरकारसँग बन्धकहरूलाई मुक्त गर्नेसम्बन्धी नयाँ सम्झौता गर्न आग्रहसमेत गरेका छन् ।

### युद्धविरामका लागि इजरायली प्रस्ताव अध्ययन गरिँदै

हमासले युद्धविरामका लागि इजरायलले अघि सारेको प्रस्ताव आफूले अध्ययन गरिरहेको बताएको छ । मध्यस्थताकर्ता इजिप्टको एक प्रतिनिधिमण्डल इजरायलमा रहेको र रोकिएको वार्ता सुरु गर्न प्रयासरत रहेको सञ्चारमाध्यममा आएको समाचारको एक दिनपछि हमासले शनिबार गाजा युद्धविरामका लागि इजरायलको पछिल्लो प्रतिप्रस्तावको अध्ययन गरिरहेको जनाएको हो ।

संयुक्त राष्ट्रसंघले ठूलो मात्रामा खाद्यान्न सहयोग नआएसम्म आगामी छ हप्ताभित्र गाजामा अनिकालको सीमा नाघ्ने चेतावनी दिएपछि युद्धविराम वार्ताको नयाँ संकेत देखिएको हो ।

इजरायलले गाजाको दक्षिणी रफाह सहरमा रहेका हमासका लडाकुमाथि आक्रमण गर्ने प्रतिबद्धता व्यक्त गरेकाले गाजाको पहिलेदेखि नै भयावह मानवीय अवस्था अझ भयावह हुने सहायता समूहहरूले बताएका छन् । इजिप्टसँगको सिमानामा पर्ने रफाहमा इजरायल र प्यालेस्टिनी इस्लामिक समूह हमासबीच करिब सात महिनादेखि चलेको युद्धका कारण विस्थापित भएका लाखौं प्यालेस्टिनीको भीड लागेको छ ।

'हामी निरन्तर आतंकित, बारम्बार विस्थापन र आक्रमणको डरमा बाँचिरहेका छौं,' उत्तरमा इजरायली आक्रमणबाट भागेर आफ्ना पति र छोराछोरीसहित रफाह आएकी ३० वर्षीया निदा साफीले एएफपीलाई बताइन् ।

उक्त क्षेत्रमा नियमित बमबारी हुने गरेको छ । अस्पतालका अधिकारीका अनुसार रफाह र अन्य स्थानमा भएको हवाई आक्रमणमा शनिबार एक दर्जनभन्दा बढीको मृत्यु भएको छ । मृतकमध्ये एक परिवारका सदस्य रहेको उनका आफन्त मोहम्मद युसुफले जानकारी दिए। उनले भने, 'मेरो घरलाई निशाना बनाउँदा बाबु, आमा, एक छोरी र दुई छोराको मृत्यु भयो । कोही पनि बाँकी रहेनन् ।'

युद्धविरामका लागि मध्यस्थता गरिरहेको इजिप्टले अवरुद्ध वार्ता अघि बढाउनका लागि ताजा जानकारीसहितको प्रतिनिधिमण्डल इजरायल पठाएको विवरण सञ्चारमाध्यमहरूमा आएका छन् । इजरायलका विदेशमन्त्रीले बाँकी बन्धकहरूलाई मुक्त गर्ने सहमति भए इजरायलले गाजाको दक्षिणी सहर रफाहमा गर्ने तयारी गरिरहेको स्थल कारबाही रोकिन सक्ने शनिबार बताएका थिए । *रासस/एएफपी*


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०१/१७ गते)

छत्र बहादुर रायको नाति, मदन बहादुर रायको छोरा, महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं ११ बस्ने मिन बहादुर रायमाझीको मिति २०८०/१०/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बर्दिवास शाखामा रहेको मिन बहादुर रायमाझीको खाता नं.०९४०१४९३०९००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको बुवाले यस बैंकको बर्दिवास शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय बर्दिवासमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय बर्दिवास फोन नं. ०४४-५५०६८०

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १६४३/०८०/०८१ यस **Langtang Overseas Pvt.ltd.** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्वन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| Name | Citizenship No |
|---|---|
| Dharma Magar | 22-01-75-07474 |
| Shree Prasad Laksam Subba | 290-148 |
| Sohana Lama | 30-01-76-09682 |

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-03, Kathmandu Nepal
info@langtangoverseas.com www.langtangoverseas.com
+977-14971229 , 5903079
9849442132, 9818497796, 9851354196
Govt. Lic. No.:1643/080/081

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०१/१७ गते)

नारायण दत्त पौडेल/सुभद्री पौडेलकी छोरी, बिष्णु प्रसाद अधिकारीकी बुहारी, धनपति अधिकारीकी पत्नी पर्वत जिल्ला, पाखापानी गा.प. वडा नं ०७ स्थायी ठेगाना भएकी नेत्र कुमारी अधिकारीको मिति २०७६/११/३० मा मृत्यु भएकाले निजको नाममा यस बैंकको चिप्लेढुङ्गा पोखरा शाखामा रहेको बचत खाता नं ००४००५७३१४१००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको काइला देवरका जेठा छोरा श्री प्रेम प्रसाद अधिकारीले यस बैंकको शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल कागज सहित यस बैंकको शाखा कार्यालय चिप्लेढुङ्गा पोखरामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय चिप्लेढुङ्गा पोखरा, कास्की फोन नं. ०६१-५४३२६६/५४३२६७

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १०८८/०७३/०७४ यस **Al Noor Overseas Pvt.ltd** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्वन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| Name | Citizenship No |
|---|---|
| Sanchita Karki | 122070/1768 |
| Sameera Parveen | 29-01-78-06304 |
| Prem Tamang | 92396 |
| Nabish Shrestha | 14799 |
| Mahamad Rafik | 36118 |
| Goma Gurung | 253053/685 |
| Gita Sarki | 65-01-70-02572 |
| Ganga Kandel | 42-02-75-03904 |
| Bikash Bishokarma | 9638 |
| Asif Sheikh | 431001/874 |

Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com
श्रम इजाजत नं. १०८८/०७३/०७४

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : GCP MANUFACTURE (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 266633 चलानी नं. ६०१८२५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम इजाजत नं. ११९७/०७३/०७४

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NEW HOMES ESTABLISHMENT FOR MAINTENANCE AND FINISHING.
पूर्व स्वीकृति मिति २०८०/०८/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 295074 चलानी नं.६०२१०१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1500 | ५३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com
श्रम ईजाजत नं. 267/058/059

**रोमानियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : INTERNATIONAL WORK FINDER
पूर्व स्वीकृति मिति २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१६ LT. No. 281582 चलानी नं. ६०१९८१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 9 | 550 | ७२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 650 | ८६,१६५ | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 4 | Factory Worker | 35 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 5 | Gardener | 5 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 6 | General Worker | 34 | 8 | 550 | ७२,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सी.पी. होटल, बिर्तामोड १, झापामा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।
झापाको लागि सम्पर्क: ९८०७९६३७९५, ९८०७९६३७९७, ९८५२६७४८०९, ९८५२६७४८१०

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LATIFA ABBAR YATEEM AL-ANAZI COMPANY FOR PROVIDING BEVERAGES
पूर्व स्वीकृति मिति २०८१/०१/१६ LT. No. 303924 चलानी नं. ६०२१८७३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker Barista | 2 | 0 | 1200 | ४२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PIONEERS OF GLOBAL EXCELLENCE CO.LTD.
पुर्व स्वीकृति मिति २०८१/०१/१४ LT. No. : 303943 चलानी नं. ६०२१८७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Access Partners Nepal Pvt. Ltd.
Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३७६०० | प्रति तोला – १३६९५० | प्रति तोला – १६६० |

## देशकै ठूलो विद्युत् सबस्टेसन सञ्चालनमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले राजधानीको चन्द्रागिरि नगरपालिका-८ स्थित हालसम्म देशकै सर्वाधिक ठूलो मातातीर्थ २२० केभी सबस्टेसन तथा मर्स्याङ्दी-काठमाडौं २२० केभी प्रसारणलाइनको उद्घाटन गरेका छन् । काठमाडौं उपत्यकाको बढ्दो विद्युत् माग पूर्ति गर्न र मर्स्याङ्दी नदी करिडोरमा उत्पादन हुने बिजुलीलाई काठमाडौंसम्म लैजान उक्त सबस्टेसन र विद्युत् प्रसारणलाइन प्रयोग हुने छन् । अब उत्पादन हुने विद्युत् परिमाणलाई हाल रहेको १३२ केभी क्षमताको प्रसारणलाइनले धान्न नसक्ने अवस्था छ ।

कूल ८३ किलोमिटर लामो काठमाडौं-मर्स्याङ्दी प्रसारणलाइन तनहुँ, गोरखा चितवन र धादिङ हुँदै काठमाडौं ल्याइएको छ । उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले केही वर्षयता उत्साहजनक ढंगले वृद्धि भएको विद्युत् उत्पादनअनुरूप आन्तरिक खपतलाई गुणात्मक ढंगले बढाउन र बचत भएको विद्युत्लाई निर्यात गर्न मातातीर्थ सबस्टेसन र मर्स्याङ्दी-काठमाडौं २२० केभी प्रसारणलाइन महत्त्वपूर्ण पूर्वाधार भएको बताए ।

उत्पादनमा वृद्धि भए पनि हिउँदयाममा कम उत्पादनका कारण आयात गर्नुपर्नेजस्तो असन्तुलित स्थिति अन्त्य गर्न कर्णाली चिसापानी, माथिल्लो अरुणजस्तो ठूला परियोजना र दूधकोशीजस्तो जलाशययुक्त परियोजना अघि बढाइएको प्रधानमन्त्री दाहालले उल्लेख गरे । उत्पादनसँगै विद्युत्को आन्तरिक खपत बढाउन यससम्बन्धी कार्ययोजना अघि बढाइएको जानकारी उनले दिए । आगामी एकदेखि डेढ वर्षभित्र देशमा सतप्रतिशत विद्युतीकरण गरिने उनले बताए ।

छिमेकी मुलुकहरूसँग भएको विद्युत् सम्झौताले उत्पादित विद्युत्को बजार सुनिश्चित गरेको उनको भनाइ थियो । भारत र बंगलादेशसँग यससम्बन्धी सम्झौतामा हस्ताक्षर भइसकेको र उत्तरमा चीनतर्फ पनि विद्युत् निर्यात गर्न चिलिमे केरुङ प्रसारण आयोजना अघि बढाइने जानकारी प्रधानमन्त्रीले दाहालले दिए ।

विश्वव्यापी मौसम परिवर्तनबाट देशको विद्युत् उत्पादन केन्द्रमा पर्न सक्ने असरबाट जोगिन आवश्यक सतर्कता अपनाउने र अन्तर ाष्ट्रिय समुदायको ध्यान यससम्बन्धमा आकर्षित गर्न थालिएको उनले स्पष्ट पारे । 'विद्युत् आयोजना निर्माणका क्रममा आउने वन र जग्गा प्राप्तिसम्बन्धी व्यावधानलाई हटाउन विद्यमान कानुनलाई विकास निर्माणको बाधक नभई साधक बनाइने छ,' प्रधानमन्त्री दाहालले भने ।

## कर्पोरेट

### पेन्सन योजनामा सबै नागरिकलाई समेट्ने कोषको तयारी



काठमाडौं (प्रस)- नागरिक लगानी कोषले देशभरका सबै नागरिकलाई नागरिक पेन्सन योजनामा समेट्ने भएको छ । विराटनगरमा सम्पन्न नागरिक पेन्सन योजनासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले सो कुरा बताएका हुन् ।

उनले उक्त योजनामा चैत मसान्तसम्म २१ करोड ६० लाख रूपैयाँ जम्मा भएको जानकारी दिए । सो अवधिसम्म सहभागी संख्या छ हजार ११० पुगेको छ । चालु आर्थिक वर्ष २०८०/८१ बजेटमा नागरिक लगानी कोषमार्फत स्वरोजगारमा रहेका सबै नेपाली सहभागी हुनेगरी नागरिक पेन्सन योजना सञ्चालन गर्ने भन्ने व्यवस्थाअनुसार कोषले देशभरका सबै नागरिकलाई समेट्नेगरी कार्य सुरु गरेको कार्यकारी निर्देशक कार्कीले बताए ।

यस योजनामा आयआर्जन गर्ने, प्रचलित कानुनबमोजिम स्थापना भएका संघ, संस्था, एवं प्रतिष्ठानमा कार्यरत श्रमिक, कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुनसक्ने व्यवस्था रहेको छ । यसमा सहभागी हुने बचतकर्ताहरूले न्यूनतम मासिक ५०० रूपैयाँदेखि अधिकतम आम्दानीको क्षमताअनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिकरूपमा रकम जम्मा गर्न सकिने विशेषता योजनाको रहेको छ ।

पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर ६० वर्ष पूरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्ने व्यवस्था रहेको छ । बचतकर्ताले १५ वर्षको बचत नगर्दै त्यसको ब्याज र प्रतिफलसमेत एकमुष्ठ भुक्तानी लिन वा पेन्सनको रूपमा भुक्तानी लिन सक्ने छन् ।

### महोत्तरीका आगलागीपीडितलाई महालक्ष्मीको राहत



काठमाडौं (प्रस)- महालक्ष्मी विकास बैंकले महोत्तरीको मटिहानी नगरपालिका-६ का आगलागीपीडितलाई राहत सामग्री वितरण गरेको छ। गत बुधबार भएको आगलागीबाट घरबारविहीन भएका १५० घर परिवारका लगभग ५४५ जनाका लागि राहत सामग्री वितरण गरिएको बैंकले जानकारी दिएको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत दुई लाख ५० हजार रूपैयाँ बराबरको ७५० किलो आटा, ७५० किलो चामल, ७५ किलो दाल, ७५ लिटर तेल, १५० प्याकेट नुन, ४५० वटा नुहाउने र लुगा धुने साबुन तथा १५० काटुन चाउचाउलगायतका खाद्यन्न सहयोग गरेको जनाएको छ ।

शनिबार मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डल र बैंकको मधेस प्रादेशिक कार्यालयका प्रमुख सुदिपचन्द्र पोखरेलले जनकपुर शाखाका कर्मचारीको सहभागितामा पीडित परिवारलाई उक्त राहत सामग्री हस्तान्तरण गरेका थिए ।

### हिमालयन सेक्युरिटिजले थाल्यो व्यावसायिक कारोबार

Himalayan Securities
A Wholly Owned Subsidiary of Himalayan Bank Limited

काठमाडौं (प्रस)- हिमालयन सेक्युरिटिज लिमिटेडले व्यावसायिक कारोबार सुरु गरेको छ । हिमालयन बैंक लिमिटेडको पूर्ण स्वमित्वमा स्थापित यस कम्पनीले यही वैशाख १३ गतेबाट व्यावसायिक कारोबार सञ्चालन थालेको हो ।

धितोपत्र दलालको रूपमा ग्राहकहरूलाई उच्चस्तरिय ब्रोकरेज तथा सम्बद्ध सेवाहरू प्रदान गर्ने लक्ष्य राखेको यस कम्पनीको कूल चुक्ता पुँजी ६० करोड रूपैयाँ रहेको छ । पूर्ण कार्य गर्ने धितोपत्र दलालको रूपमा नेपाल धितोपत्र बोर्डबाट गत भदौमा स्वीकृति प्राप्त गरेको कम्पनीले गत माघमा नेपाल स्टक एक्स्चेन्जबाट सदस्यता प्राप्त गरेको थियो ।

ग्राहकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धताका साथ कारोबार सञ्चालनमा ल्याएको कम्पनीले धितोपत्र कारोबारसहित अन्य विशिष्टीकृत सेवा प्रदान गर्ने उद्देश्य राखेको जनाएको छ । कम्पनीले प्रारम्भिक चरणमा ग्राहकहरूलाई धितोपत्र कारोबार सेवा प्रदान गर्ने र निकट भविष्यमा नियामक निकायबाट अनुमति प्राप्त गरी मार्जिन कारोबार तथा अन्य पुँजी बजारसम्बन्धी सेवाहरू प्रदान गर्ने जानकारी दिएको छ ।






प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ